
# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क २१, पूर्णाङ्क ११६ | २०७४ कार्तिक २२ गते बुधवार | Wednesday, 8 Nov 2017 | www.eratokhabar.com | मूल्य रु. १०






प्रकाशित भयो !

आफ्नोप्रति सुरक्षित राख्नुहोस् ।


## कूमार्गमा सुमार्गी

■ रातो खबर संवाददाता



हेटौँडा स्थायी निवासी अजयराज सुमार्गी एकदशक अघिसम्म मकवानपुर र आसपासमा जग्गा दलाली गर्थे । विस्तारै उनले कर्रा, राप्ती र मनहरीको बगरलाई नियन्त्रण गरेर क्रसर उद्योग चलाउन थाले । रूपचन्द्र बिष्टको निकट भन्दै उनले २०६३ पछि प्रचण्ड निकट हुन ठूलो प्रयत्न गरे । २०६५ सालसम्म पुग्दा सुमार्गीको पहुँच प्रचण्डसम्म बलियो बनिसकेको थियो । एउटा प्रसङ्ग उल्लेख गरौं, २०६५ को एउटा माओवादी केन्द्रीय समितिको बैठक चलिरहेको थियो । सुमार्गीले रामनारायण बिडारीलाई दामन जान अनुरोध गरे । बिडारीले पार्टी केन्द्रीय समितिको बैठक भएकोले असमर्थता जनाए र सुमार्गीले बिडारीलाई 'तिम्रो बैठक हुँदैन' भनिदिए र सुमार्गीले ढुक्कसँग त्यसो भनेकाले बिडारीले हितमान शाक्य, सोनाम साथी, अमिक शेरचन धेरैसँग जिज्ञासा राखे । बैठक स्थगित हुने खबर कसैलाई थिएन तर अन्तिम अवस्थामा प्रचण्डले बैठक स्थगित गरेको खबर सबैका मोबाइलमा पेरिश डाँडाले प्रवाह गऱ्यो ।

... बाँकी पृष्ठ ४ मा

# सपना बाँड्दै चुनावी दल

■ रातो खबर संवाददाता / काठमाडौँ




कांग्रेस, एमाले, माकेलगायत चुनावमा होमिएका दलहरूले चुनाव घोषणपत्र जारी गरेका छन् । कांग्रेसले संविधानको कार्यान्वयन, लोकतन्त्रको रक्षा र आर्थिक उन्नतिको नारा अघि सारेको छ । उसले वाम गठबन्धनले देशलाई साम्यवादतिर लग्न खोजेको आरोप लगाउँदै मतदाता आकर्षित गर्न खोजेको छ । जुन विषयलाई कांग्रेसले एमाले-माके गठबन्धनको विरुद्ध लोकप्रिय नारा बनाउन खोजेको छ, त्यससँग जनताको सरोकार नै छैन । न चुनावबाट साम्यवाद, समाजवाद नै आउन सक्छ । समाजवादको मूल मर्म भनेको आन्तरिक रूपमा उत्पादनका साधनहरू जल, जमिन, कारखाना तथा पुँजी जनताको स्वामित्वमा आउनुपर्छ । विदेशी पुँजीपति र दलाल तथा सामन्तहरू सरकारले निर्णय गरेकै भरमा शान्तिपूर्ण ढङ्गले त्यो छोड्न चाहँदैनन् । सेना, प्रहरी, अदालत तथा कानुन र विदेशी शक्ति केन्द्रहरू त्यही दलाल र सामन्तको प्रतिनिधित्व गर्छन् । त्यसो त एमाले-माके गठबन्धन आफैंमा दलाल पुँजीपति वर्गका प्रतिनिधि पार्टी हुन् । दलाल सत्ताका कारिन्दाहरूले आफ्नै मालिक (सत्ता) का विरुद्ध न बोल्छन्, न त त्यो सम्भव नै छ । त्यसकारण कांग्रेसको कोकोहोलो 'छट्टु स्यालको कथा' जस्तै हो । एमाले-माके गठबन्धनले बहुमत ल्याउँला र देश लुट्न नपाइएला भन्ने ईर्ष्याप्रेरित देखिन्छन् कांग्रेसी नेताहरू । चुनावबाट संविधान बदल्न, संशोधन गर्नसमेत पाइन्न भन्ने चिन्तन वास्तवमा घोर फासिस्ट चिन्तनबाहेक केही होइन ।

अर्कोतर्फ सुशासन र सामाजिक न्याय तथा समृद्ध नेपाल निर्माणको नारा वाम गठबन्धनको रहेको छ । एमाले-माके गठबन्धनले भावी सरकार बन्ने नाराद्वारा मतदाता आकर्षित गर्न खोजेको छ । उनीहरूले आधारहीन विकासे सपना बाँडेका छन्, जसको कुनै आधार छैन । चीनको

... बाँकी पृष्ठ ७ मा

# देशव्यापी चुनाव खारेजी अभियान तीव्र

■ अम्बिका चन्द / काठमाडौँ

२१ कार्तिक २०७४ : सरकारले घोषणा गरेको प्रतिनिधिसभा र प्रदेशसभा चुनावको मिति नजिकिँदै गर्दा नेकपाले चुनावखारेजी अभियान पनि देशव्यापी बनाएको छ । सो पार्टीले संचालन गरेको तीनमहिने संगठन सुदृढीकरण तथा प्रतिरोध अभियानअन्तर्गत देशव्यापी रुपमा भित्ते लेखन, मशाल जुलुस, भण्डाफोर सभाहरू सम्पन्न भएका छन् । साथै कतिपय ठाँउमा नाम चलेका नेता उम्मेद्वारका घरमा कालो झण्डा पनि गाडिएका छन् ।

चुनाव खारेज अभियानअन्तर्गत नयाँ शक्ति पार्टी नेपालका संयोजक डा. बाबुराम भट्टराईको घरमा कालो झण्डा गाडिएको छ । नेपाल कम्युनिष्ट पार्टी गोरखाले साङ्केतिक कार्वाहीस्वरुप कालो झण्डा गाडिएको बताएको छ । शुक्रबार राती गोरखा पालुङटार नगरपालिकाको खोप्लाङस्थित भट्टराईको घरमा कालो झण्डा गाडिएको हो । बाबुराम भट्टराई कांग्रेस-नयाँशक्ति गठबन्धनका साझा उम्मेद्वार हुन् । नेकपाले दलाल संसदीय व्यवस्थाका खराब प्रतिनिधिहरूलाई कुनै पनि हालतमा नछोड्ने बताएको छ ।

उता रुकुममा पनि माओवादी केन्द्रका नेता तथा वर्तमान सरकारका बिनाविभागीय मन्त्री जनार्दन शर्मा चुनाव खारेजीवालाको निशानामा परेका छन् । शुक्रबार राती नेपाल कम्युनिष्ट पार्टी रुकुमले खलंगास्थित शर्माको घरमा कालो झण्डा गाडेको हो । शर्मा गृह जिल्लामै रहेको बेलाउनको घरमा कालो झण्डा गाडिएको हो । गृहमन्त्री रहेको बेला शर्माले सत्ता र शक्तिको प्रयोग गर्दै नेकपाका नेता, कार्यकर्ता र समर्थकहरूमाथि व्यापक दमन गरेको नेकपा रुकुमले जनाएको छ । साथै सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुँदा पनि शर्माले नेकपाको विरुद्धमा अभिव्यक्ति दिने गरेकोले चेतावनी स्वरुप कालो झण्डा गाडिएको नेकपा रुकुमको भनाइ छ ।

यस्तै अर्का विनाविभागीय मन्त्री तथा माओवादी केन्द्रका नेता टेकबहादुर बस्नेतको सल्यानमा रहेको घरमा पनि कालो झण्डा गाडिएको छ । बस्नेत पनि प्रतिनिधि सभा सदस्यका उम्मेद्वार हुन् ।

उता नेपाल कम्युनस्टि पार्टी दाङले प्रतिनिधि सभाका उम्मेद्वार तथा माओवादी केन्द्रका नेता कृष्णबहादुर महराको घरमा कालो झण्डा गाडेको छ । महराको दाङ घोराहीमा रहेको घरमा कालो झण्डा गाडिएको हो । यस्तै नेपाली कांग्रेसका नेता दीपक गिरीको दाङमै रहेको घरमा कालो झण्डा गाडिएको छ । सोमबार प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेद्वार बनेकाहरूको घरमा कालो झण्डा र ब्यानर राखिएको दाङबाट पत्रकार जानकी दहितले जानकारी दिएकी छिन् ।

चुनाव खारेजी अभियानको सिलसिलामा सर्लाहीमा मिथिला स्वायत्त जनपरिषद्ले नेपाल आयल निगमको जग्गा कब्जामा लिएको छ । लालबन्दी नवलपुरस्थित

... बाँकी पृष्ठ ७ मा

# काठमाडौँ मेयरको चर्तिकला




■ रातो खबर संवाददाता / काठमाडौँ

विकास र समृद्धिको नारा दिएर चुनाव जितेका मेयर विद्यासुन्दर शाक्यले अरू त के काठमाडौँको फोहोरसम्म उठाउन सकेका छैनन् । बरु आफ्नो टोलीलाई खुसी पारेर चुनाव खर्च उठाउन महंगा मोबाइल किन्न हतारिए । महंगो सवारी साधन किन्न हतारो गरे । उनले झण्डै तीन महिनामा सिन्कोसमेत भाँचेको देखिन्न । धुलो, धुवाँ धरापसरी खाल्डा, ट्राफिक जाम झन् बढेको छ । सडकपेटी, पसल बजारझैं छन् । स्वास्थ्य, शिक्षा, यातायात नागरिक सुरक्षामा झन् गिरावट छ । घुसखोरी र भ्रष्टाचार झनै बढेको अवस्था छ । गिद्दले सिनो कुरेझैं चुनाव खर्च उठाउन कुरेर-ढुकेर बसेको ठानिएको छ उनको टोली । कालोबजारी

... बाँकी पृष्ठ ४ मा

# नेपालभित्र २५ स्थानमा भारतीय सेना




■ रातो खबर संवाददाता /

निवृत्त गोर्खा सैनिक र उनीहरूका आफन्तलाई निवृत्तिभरण गर्ने तथा अन्य कल्याणकारिणी काम गर्ने नाममा नेपालमा भारतले २०२७ सालमा फर्किनुपरेको सैन्य उपस्थितिको रिक्तता घुमाउरो बाटोबाट पूर्ति गरिरहेको छ । केही महिनाअघि भारतीय गोर्खा सैनिक निवृत्तिभरण कार्यालयका लागि सरकारले बुटवल क्षेत्रमा जग्गा दिने सहमति गरेलगत्तै यो विषय फेरि चर्चामा छ । भारतले लामो समयदेखि त्यसको लागि प्रयास गर्दै आएको थियो । भारतीय सेनाध्यक्ष दलवीरसिंह सुहागले नेपालका प्रमलाई त्यो माग गरेका थिए । २ नोभेम्बर २०१६ मा

... बाँकी पृष्ठ ७ मा

# बालकृष्ण ढुंगेल र शान्ति प्रकृया

### देश/परिवेश

■ एकराज भण्डारी
वरिष्ठ अधिवक्ता



**बालकृष्ण ढुंगेल र मुद्दा**

जनयुद्ध र शान्ती सम्झौता संग जोडिएर आएको बालकृष्ण ढुंगेलको नाम यतिखेर खुब चर्चामा रह्यो । २०२२ सालमा ओखलढुंगा पोकलीमा जन्मेका बालकृष्ण ढुंगेल विद्यार्थी कालदेखि नै कम्युनिष्ट राजनीतिमा सक्रिय रुपमा लागेका व्यक्ति हुन् । २०५२ साल फागुन १ गते ने.क.पा (माओवादी) द्वारा घोषित जनयुद्धमा बालकृष्ण ढुंगेल पनि सक्रिय रुपमा सहभागी भए । उनी २०५४/५५ तिर ओखलढुंगा जिल्ला नेतृत्व पंक्तिमा रहेका राजनीतिकर्मी हुन् । जनयुद्धमा लागेपछि उनलाई स्थानीय प्रशासनले निकै दुःख दियो । २०५३ सालको कार्तिकमा भाइटिका कै दिनमा उनलाई स्थानीय प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध गरेको भनी विचार र राजनीतिक आस्थाकै आधारमा झुट्टा मुद्दा लगायो र मागिएको धरौटी रकम राखेपछि तारेखमा छोड्यो । तत्पश्चात उनी ग्रामिण बस्तिमा रही जनयुद्धमा सक्रिय भएर राजनीतिक सांगठनिक एवं संघर्षका काममा व्यस्त रहे । यसै क्रममा ओखलढुंगा पोकली १ लेतिमा जनयुद्ध सम्बन्धि योजना अनुसार सांगठनिक कार्यहरु गर्दै गर्दा स्थानीय जनताको घरमा रहेको अवस्थामा २०५५ साल कार्तिक २४ गते दिउँसो सरकारी सुरक्षाकर्मी आएर पक्राउ पुर्जिबिना अत्यन्त अमानवीय ढंगले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिए । बालकृष्ण ढुंगेलका अनुसार उनलाई कसैसंग भेटघाट गर्न नदिई चरम यातना दिइयो । लामो समय खाना दिईएन । सुत्न दिइएन । चौबिसै घण्टा आँखामा पट्टी बाँधियो । हिटरमा पिसाब फेर्न लगाइयो । जिउमा बेलन लगाइयो । मलद्वारमा लठ्ठी घुसाइयो । पटक पटक मर्दै बिउँझिदैको अवस्थामा पु-याइयो । यस्तो त्रासदीपूर्ण यातना, बालकृष्ण ढुंगेलले माओवादी भै जनयुद्धमा नेतृत्व तहमै रही सक्रिय रुपमा लागेबापत झेल्नु परेको थियो ।

२०५५ साल पौष २ गते बालकृष्ण ढुंगेललाई पक्राउ गरी बेपत्ता पारिएको एक महिना आठ दिनपछि मात्र ओखलढुंगा जिल्ला अदालतमा उपस्थित गराइयो । जीउ पुरै सुन्निएर नचिनिने अवस्थामा रही बोल्न र सहज हिँडडुल गर्न नसक्ने बालकृष्ण ढुंगेललाई आफुसँग बाँकी रहेको थोरै चेतले अब बाँचिन्छ की भन्ने लाग्यो होला । किनकी उनको अगाडि न्यायाधीश

... क्रमशः पृष्ठ ४ मा

रातो खबर साप्ताहिक

## सम्पादकीय

# भारतीय निवृतीभरण शिविर हटाऊ

२०२६ सालमा भारतीय सेना नेपालको उत्तरी सीमाबाट बाध्यतावश हटेको थियो। चीन-भारत युद्धको दबाब र नेपालको कुटनीतिक चातुर्यका कारण भारतीय सेना अनिच्छापूर्वक फर्केको थियो। भारत त्यसको क्षतिपूर्ति चाहन्थ्यो तर उसका लागि अनुकूलता भइरहेको छैन। भारतले सो उद्देश्य भारतीय गोर्खा फौजलाई दिने सेवा, सुविधाको वाहनामा बर्सेनी तैनाथ बढाउँदै लगेको छ। आजको युगमा नगदमा तलब, निवृत्तिभरण वा कुनै पनि आर्थिक कारोबार गर्नुलाई राम्रो मानिन्न। अझ राज्यपक्षले नै पेटी ठेकेदारले झैं नगदे तलव वितरण गर्नु त असभ्य व्यवहार नै मानिन्छ। के भारत सरकारले यो कुरा नबुझेको हो ? पक्कै पनि त्यसो भने होइन। त्यसप्रकारको हर्कतका पछाडि भारतको निश्चित रणनीति छ। २०२६ सालमा फर्केका भारतीय सेना निवृत्तिभरणको नाममा नेपालमा आउन र नेपालसहित चिनियाँ गतिविधिको निगरानी गर्न चाहन्छ, गरिरहेको छ। यो राष्ट्रिय सुरक्षाको दृष्टिले भयंकर खतरा र लज्जाका विषय हो।

भारतमा जसरी नै संयुक्त अधिराज्यमा पनि गोर्खाफौज कार्यरत छन्। बेलायतले बैङ्कमार्फत तलब, सुविधा दिने मात्र होइन, त्यसो गर्न प्रोत्साहित गरिरहेको छ। एउटै नजिरमा भारतको व्यवहार शंकास्पद छ। तसर्थ, नेपालमा २५ स्थानमा रहेका निवृत्तिभरण शिविर अर्थात् भारतीय सैनिक चौकी अविलम्ब हटाउनुपर्दछ। राजनीतिक दलहरुले त्यस विषयमा नबोल्नु वा चुनावी घोषणापत्रमा यो विषय उल्लेख नगर्नु झनै खेदजनक छ। देशभक्त र नागरिक समाज भनिएको कोणबाट पनि यस विषयमा स्पष्ट धारणा नआउनुलाई विषयको गम्भीरताको अभाव वा संवेदनहीनता के हो ? प्रश्न उठेको छ। जेहोस् 'पेन्सन वितरण' नाममा भारतीय सैन्य उपस्थिति तत्काल खारेज हुनुपर्छ। यस्ता हस्तक्षेपकारी र शंकास्पद हर्कतले नेपालमा भारत विरोधी जनमत झन् बढ्नेछ। त्यो भारतकै हितमा समेत छैन। सम्बन्धित सबै पक्षले समयमै हेक्का राखून्।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक



सरोजराज अधिकारी

# पेन्सन वितरणको आवरणमा फैलँदो भारतीय रक्षा सञ्जाल

'भूतपूर्व गोर्खा सैनिक र उनीहरूका आफन्तलाई पेन्सन वितरण तथा अन्य कल्याणकारी काम गर्ने' नाममा नेपालमा भारतीय रक्षा सञ्जाल बेपत्तासँग फैलिंदै गएको छ, कसरी ?

- सरोजराज अधिकारी : खोज पत्रकारिता केन्द्रका लागि

१२ नोभेम्बर २०१६। नेपाल भ्रमणमा रहेका भारतीय सेनाध्यक्ष दलवीरसिंह सुहागले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा भने, "बुटवलमा पेन्सन पेइङ अफिस (पेन्सन वितरण कार्यालय (पीपीओ) स्थापना सम्बन्धमा हामीले धेरै अघि राखेको प्रस्ताव स्वीकृत गरिदिनुपर्‍यो।" सुहागभन्दा १० दिनअघि नेपाल भ्रमणमा आएका भारतीय राष्ट्रपति प्रणव मुखर्जीले पनि दाहालसँगको २ नोभेम्बर २०१६ को भेटमा यो विषयमा चर्चा गरेका थिए।

झट्ट सुन्दा सामान्य लाग्न सक्छ यो भारतीय आग्रह। तर करिब १३ वर्षदेखि भारतले बुटवलमा पेन्सन वितरण कार्यालय स्थापनाका लागि पटकपटक ताकेता गरिरहेको छ। 'इन्डियन एक्स-सर्भिसम्यान वेलफेयर अर्गनाइजेसन इन नेपाल' (आईईडब्ल्युओएन) को काठमाडौंमा १८ मे २०१६ मा सम्पन्न चौबीसौं वार्षिक कल्याणकारी बैठकको एक प्रमुख एजेण्डा थियो, बुटवलका लागि प्रस्तावित पीपीओ।

'नेपाल सरकारले कूटनीतिक नोट नम्बर एसए/६३-३६-३५१५ मार्फत् २३ जनवरी २००४ मै बुटवलमा पेन्सन वितरण क्याम्प स्थापनाका लागि मन्जुरी जनाएको थियो। यो विषयमाथि आईईडब्ल्यूओएनको २३ औं सम्मेलनमा पनि छलफल भएको थियो। बुटवलमा पेन्सन वितरण क्याम्प स्थापना सम्बन्धमा तत्कालीन प्रधानमन्त्री (स्व.) सुशील कोइरालासँग राजदूत रणजित रायले छलफल गर्नुका साथै तत्कालीन रक्षासचिव आत्माराम पाण्डेसमेतलाई सूचित गरेर तत्कालीन परराष्ट्रसचिव अर्जुनबहादुर थापासँग १२ नोभेम्बर २०१३ मा कुराकानी गर्नुभएको थियो' (सम्मेलनमा सीमित संख्यामा वितरण गरिएको आईईडब्ल्यूओएनको दस्तावेजमा उल्लेख छ।

यसबाहेक पनि भारतकी विदेश मामिलामन्त्री शुष्मा स्वराज नेपाल आएका बेला दुई देशका परराष्ट्रमन्त्रीको अध्यक्षतामा बसेको संयुक्त बैठकमा पनि एउटा मुद्दाका रूपमा यस विषयमा छलफल भएको थियो। भारतकी विदेश मामिलामन्त्री स्वराजले आफ्नो सुरुआती सम्बोधनमा मात्र होइन, छलफलका क्रममा पनि यो कुरा उठाएको दस्तावेजमा उल्लेख छ। नेपालका तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले सम्बन्धित मन्त्रालयसँग बुझेर यस विषयमा शीघ्र समाधान दिने भनेर आश्वस्तसमेत पारेका थिए। 'सोहीअनुरूप हामीले १ सेप्टेम्बर २०१५ मा नेपाल सरकारलाई परराष्ट्र मन्त्रालयमार्फत् केएटी/एमबी/बुटवल नम्बरको कूटनीतिक नोट पनि पठाएका थियौं।

यो विषयमाथि भारतीय सेनाध्यक्ष दलवीर सिंहले पनि आफ्नो भ्रमणका बेला नोभेम्बर २०१४ मा नेपालका राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटमा चर्चा गरेका थिए' (दस्तावेजमा उल्लेख छ, 'तर अपेक्षा गरेअनुरूप बुटवलमा पेन्सन क्याम्प स्थापनाका लागि आवश्यक जमीनको स्वीकृति अझै पाइएको छैन।'

### फैलँदो भारतीय रक्षा सञ्जाल

भूतपूर्व गोर्खा सैनिक र उनीहरूका आफन्तलाई पेन्सन वितरण तथा अन्य कल्याणकारी काम गर्नका लागि भनेर भारतले नेपाली भूमिमा पीपीओ र डीएसबीजस्ता एकाइ बढाउँदै लगेको छ। भारतीय राजदूत अध्यक्ष रहने इन्डियन एक्स-सर्भिसम्यान वेलफेयर अर्गनाइजेसन इन नेपाल (आईईडब्ल्युओएन) ले २५ जिल्लामा डीएसबी विस्तार गरिसकेको छ भने अहिलेसम्म दुईवटा पीपीओ छन्। यी सबै एकाइ नेपालस्थित भारतीय दूतावासको 'डिफेन्स विङ' को अह्रन-खटनमा चल्छन्। नेपालका लागि भारतीय सैनिक सहचारीसमेत रहेका कर्णेल मनराजसिंह मान हाल 'डिफेन्स विङ' को प्रमुख छन्। भारतीय दूतावासको वेबसाइटअनुसार करिब ९० हजार सैनिक र ३६ हजार अर्धसैनिक बल गरी करिब एक लाख २६ हजार अवकाशप्राप्त गोर्खा सैनिक छन् भने हाल ३२ हजार नेपाली भारतीय सेनामा कार्यरत छन्। यिनै करिब डेढ लाख सैनिक र तिनका परिवारलाई सेवा दिने नाममा नेपालमा भारतले यति ठूलो रक्षा सञ्जाल निर्माण गरिरहेको छ।

भारतले चितवन, रूपन्देही, दाङ, सुर्खेत, गुल्मी, बैतडी, पोखरा, बाग्लुङ, तनहुँ, पाल्पा, ओखलढुंगा, भोजपुर, तेह्रथुम, ताप्लेजुङ, इलाम, दोलखा, लम्जुङ, कैलाली, बाँके, सुनसरी, खोटाङ, म्याग्दी, अर्घाखाँची, स्याङ्जा र कन्चनपुर गरी २५ वटा जिल्लामा डीएसबी स्थापना गरिसकेको छ।

आईईडब्ल्युओएनले सन् २०१५ मा प्रकाशन गरेको 'भूपू' जर्नलका अनुसार डीएसबीको मुख्य कार्यहरूमा सिजनल पेन्सन वितरण क्याम्प संचालनमा सहयोग पुर्‍याउनु, त्यस क्षेत्रका पेन्सनरको गुनासो सुन्ने एकाइका रूपमा कार्य गर्नु, भारत सरकारद्वारा प्रायोजित कल्याणकारी कार्यक्रमको कार्यान्वयन, रेखदेख र व्यापक प्रचारप्रसार गर्नु रहेका छन्। त्यसबाहेक भर्ती अभियान सहज रूपमा संचालन गर्न प्रशासनिक सहायता प्रदान गर्नु, सैन्य दल (पल्टन) को ट्रेकिङ टिम र अन्य प्रतिनिधिमण्डलको भ्रमणको प्रबन्ध गर्नुलगायतका जिम्मेवारी डीएसबीलाई तोकिएको छ। भारतीय सेनाका अधिकृत (मेजर-क्याप्टेन) नेतृत्वको ट्रेकिङ टिमले भर्ती केन्द्र आसपासको संस्कृति, जीवनस्तरबारे जानकारी लिनुका साथै भर्ती योग्य युवाहरूसँग छलफलसमेत गर्छ। त्यसैले नाम ट्रेकिङ दिइए पनि कामले यो 'ट्र्याकिङ' टिम हो।

डीएसबीमा पूर्व भारतीय गोर्खा सैनिक रहन्छन्। भारतीय सेनाको सुवेदार मेजरबाट अवकाशप्राप्त भोजपुर डीएसबीका 'सेक्रेटरी' भोजकुमार राईका अनुसार त्यस जिल्लाबाट पेन्सन बुझ्नेको संख्या करिब ४०० मात्रै छ। बेलाबेलामा भारतीय सेनाका प्रतिनिधिमण्डल र भारतीय सैनिकका ट्रेकिङ टिम भ्रमणका लागि आइरहन्छन्। भारतीय सेनाको सुवेदार मेजरबाट अवकाशप्राप्त वसन्तकुमार श्रेष्ठ यतिबेला कोहलपुर स्थित डीएसबीको सेक्रेटरी छन्। उनका अनुसार बाँके जिल्लाका ८ हजार पेन्सन थाप्नेहरूका लागि ६/६ महिनामा पेन्सन क्याम्प संचालन हुन्छ। आगामी पेन्सन क्याम्प मार्च ४/५ मा हुँदैछ। त्यसका साथै, काठमाडौं दूतावासस्थित केन्द्रलाई सूचित गरेर भारतीय सेनाका प्रतिनिधिमण्डल आइरहन्छन्। त्यसबाहेक १०-१५ जनासम्मको ट्रेकिङ टिमलाई घुमाउनु डीएसबीको दायित्व हो। कोहलपुरस्थित डीएसबीमा २५-३० जनासम्म बस्न मिल्ने सुविधा छ। एट्याच बाथरुमसहितका अधिकृत कोठा मात्रै चार वटा छन्। श्रेष्ठका अनुसार, "सबैखाले कल्याणकारी कार्यक्रम केन्द्रकै टोली आएर संचालन गर्छन्।"

२०६३ सालअघि १६ वटा डीएसबी रहेकोमा त्यसयता ९ वटा थपिएका छन्। नेपाल सरकारसँग सन् १९९६ मा विभिन्न स्थानमा १३ वटा अतिरिक्त सैनिक बोर्ड स्थापना गर्न प्रस्ताव गरिएकोमा, ६ नोभेम्बर २००६ को नेपाल सरकार, परराष्ट्र मन्त्रालयको एसए/६३-डीएसबी-३५६ नम्बरको स्वीकृति-पत्रअनुरूप कोहलपुर (बाँके), वालिङ (स्याङ्जा) दिक्तेल (खोटाङ), बेशीसहर (लम्जुङ), टीकापुर (कैलाली) र गोरखामा गरी ६ वटाको निर्माण कार्य सम्पन्न भएको दस्तावेजमा उल्लेख छ। भारतीय मागअनुरूप गिरिजाप्रसाद कोइराला (स्व.) नेतृत्वको तत्कालीन सरकारको १३ कात्तिक २०६३ को मन्त्रिपरिषद् बैठकले यी ६ स्थानमा १० वर्षका लागि डीएसबी स्थापना गर्न स्वीकृति दिएको थियो। त्यसैगरी माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको १६ पुस २०६५ मा महेन्द्रनगर (कन्चनपुर), बेनी (म्याग्दी) र सन्धिखर्क (अर्घाखाँची) मा १० वर्षका लागि थप तीन डीएसबी स्थापनाका लागि स्वीकृति दिएको थियो।

भारतले २०५७ सालमा पनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई थप १३ स्थानमा डीएसबी स्थापनाका लागि अनुरोध गरेको थियो। 'यस्ता संस्था थप स्थापना गर्न दिनु राष्ट्रिय हित अनुकूल नहुन पनि सक्छ' प्रक्रिया अगाडि बढाउने क्रममा राय माग्दा नेपाली सेनाले यस्तो जवाफ दिएको थियो। त्यसपछि ३० असार २०५७ मा बसेको रक्षा, गृह र परराष्ट्रसचिवको त्रिपक्षीय बैठकले बैंकमार्फत् नै पेन्सन वितरण गर्न सकिने अवस्थामा बर्सेनी लाखौं खर्च हुने गरी डिस्ट्रिक सोल्जर बोर्ड खोल्ने भारतीय माग शंकास्पद भएको ठहर गरेको थियो।

त्यसबेला बैठकमा सहभागी एक सचिव भन्छन् "भारतीय राजदूतको अध्यक्षतामा हुने गरी अब पनि त्यस्ता संस्थाहरू खोल्न दिँदा राष्ट्रिय हित सम्वर्द्धन हुन नसक्ने देखिन्छ, भन्ने बैठकको निचोड थियो।" नेपालको सुरक्षा निकायले पनि यसलाई संवेदनशील मामिला ठानेको छ। नेपाली सेनाका पूर्वउपरथी शिवराम प्रधान भन्छन्, "बैंकमार्फत् सहजै पेन्सन दिन सकिने अवस्थामा भारतीय रक्षा संयन्त्रको उपस्थिति बढ्ने गरी पेन्सन कार्यालय र डिस्ट्रिक सोल्जर बोर्डहरू स्थापना गर्न दिनु उचित होइन।"

पेन्सन वितरणकै लागि काठमाडौंमा भारतीय मिलिटरी पेन्सन ब्रान्च छ। जसले केन्द्र र सिजनल पेन्सन वितरण क्याम्प संचालन गरी तराई र सुदूरपश्चिमका ४६,५५४ जनालाई पेन्सन वितरण गर्छ। सन् १९४९ सम्म दूतावासले वितरण गर्ने पेन्सनसम्बन्धी कार्यको जिम्मा त्यसपछि सैन्य सहचारीलाई दिइयो। सन् १९५५ मा मिलिटरी पेन्सन ब्रान्च स्थापना भएको हो। 'डिफेन्स विङ' अन्तर्गत नै रेकर्ड अफिस छ, जसले भारतीय सेनाबाट अवकाशप्राप्त नेपालीको विवरण अद्यावधिक गर्छ। पेन्सन बाँड्ने प्रयोजनका लागि पोखरामा १ अक्टोबर १९६० र धरानमा १९६८ देखि पीपीओ संचालनमा छन्। पीपीओहरूले पनि आसपासका जिल्लामा रहेका डीएसबीमा पेन्सन वितरण क्याम्प संचालन गर्छन्। भारतले सबै डीएसबीहरूमा वर्षमा कम्तीमा दुईपटक पेन्सन क्याम्प संचालन गर्दै आएको छ।




बुटवलमा पीपीओ स्थापनाका लागि १३ वर्षदेखि ताकेता गरिरहेको भारतले दैलेख, धादिङ, प्यूठान र पाँचथर गरी थप चार जिल्लामा डीएसबी स्थापनाका लागि ५ फेब्रुअरी २०१६ मा नेपाल सरकारसमक्ष प्रस्ताव गरेको छ।

साथै बुटवलमा पीपीओ स्थापनाका लागि हाल डीएसबी रहेकै स्थानमा थप १५ कट्ठा जग्गा मागेको छ। त्यहाँ संभव नभए बुटवल नगरपालिकास्थित हिलपार्क छेउमा ८ बिघा जग्गा दिन आग्रह गरेको छ। आफ्ना पालामा बुटवलमा पीपीओ स्थापना र डीएसबीको संख्या थप्न भारतीय पक्षले मरिहत्ते गरेको तर आफूले ठाडै अस्वीकार गरेको पूर्व उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बताए। उनी भन्छन्, "नेपाली भूमिमा भारतीय प्रभाव बढाउने खालका यस्ता संरचनाले राष्ट्रिय स्वाधीनता कमजोर पार्छ।"

नेपालस्थित भारतीय दूतावासको वेबसाइटको विवरणअनुसार 'डिफेन्स विङ' मा कर्णेलदेखि मेजर तहका १० जना अधिकृतसहित १७ जना कार्यरत छन्। मिलिटरी पेन्सन ब्राञ्चमा ४० र रेकर्ड अफिसमा २३ जना कार्यरत छन्। भारतीय सेनाका लेफ्टिनेन्ट कर्णेल श्रीरङ एस मूलीको कमाण्डमा रहेको पोखराको पीपीओमा ६८ र मेजर सतिश पाटिलको कमाण्डमा रहेको धरानको पीपीओमा हाल ४२ जना कार्यरत छन्।

### निरीह नियमन निकाय

नेपाली भूमिमा कति वटा डीएसबी तथा पीपीओ छन् भन्नेबारेमा हाम्रा सरकारी निकायसँग कुनै आधिकारिक तथ्यांक छैन। डीएसबी तथा ... बाँकी पृष्ठ ५ मा

# आधारभूत पत्रकारिता तालिम : एक झलक

(२०७४ कात्तिक ११, १२ र १३ गते रातोखबर प्रकाशन गृहद्वारा काठमाडौँ, बागबजारस्थित होटल हार्दिकको सभाकक्षमा तीनदिने आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको थियो । सो तालिमका प्रशिक्षकहरूले प्रशिक्षणका क्रममा व्यक्त विचारको झलक प्रस्तुत गरिएको छ)

## कलाकार र पत्रकार अपहेलित छन्

– **उजिर मगर**, वरिष्ठ संवाददाता



नेपालको राजनीति अथवा परिवर्तन रातो भएन ! रातो किन भएन त ? त्यसको कारण खाज्न, रातो बनाउन तपाईंहरू लाग्नुभएको छ । त्यो कुरा जनताले बुझेका छैनन् । बुझाउन सक्नुभएको छैन । मोदीले एकपटक हैदरावादका दलितहरूलाई 'तिमीहरूलाई समाजवादमा पुर्‍याउँछु' भनेछन् । त्यो सुन्नासाथ दलितहरू जर्‍याकजुरुक उठेर 'हैन हामी हैदरावादमै बस्न चाहन्छौं' भनेछन् । हाम्रो सामाजिक चेतनाको स्तर पनि त्यस्तै छ । तपाईंहरूले थबाङ महाधिवेशनबाट 'माओवादी' शब्द नामबाट हटाउनुभयो । आज २० वर्ष पुगेको नयाँ पुस्ताको जीवन पूरै 'माओवादी' भनेरै बितेको थियो । तपाईंहरू बोल्दा-बोल्दै त्यही शब्द दोहोर्‍याउनुहुन्छ । कात्तिक ८ गतेको सभामा नेताहरू नै झुक्किएर 'माओवादी' भन्न पुगे । तपाईंहरूले 'माओवाद' छोड्नुभएको पनि छैन । जनताले तपाईंहरूलाई 'माओवादी' कै रूपमा चिन्छन् । त्यसो भए माओवादी शब्द छोड्नु र नेकपा मात्रै पार्टी नाम राख्नुका कारण के हो ? खै जनतालाई बुझाउन सकेको ? जनता र विचारलाई जोड्नेगरी लेख्नुपर्‍यो ।

हरेक परिवर्तनमा पत्रकार र कलाकार बलिदान भएका छन् । लडेका छन् । नेतालाई भाषण गर्न मान्छे जम्मा गरिदिने, उनीहरूका विचार जनतासम्म पुर्‍याउने कलाकार र पत्रकार हुन्छन् तर सेवा-सुविधा, पदमा अरूहरू नै पुग्छन् । पत्रकार सधैं अपहेलित छ । सायद यो आजको विषय नहोला, अलग प्रसङ्ग होला । हामीले तथ्यहरूसहित लेख्नुपर्छ । तथ्य खोज्न मिहिनेत गर्नुपर्छ । झटारो हानेर, गाली गरेर पत्रकारिता हुँदैन । एउटा प्रसङ्ग राखौं । जर्मन भाषामा 'दास क्यापिटल' को अंग्रेजी भाषामा 'द क्यापिटल' हुन्छ । अनुवाद गर्नेले 'द क्यापिटल' नभनेर 'दास क्यापिटल' गरिदियो । हामी त्यही पढेर हुर्कियौं । हाम्रो ज्ञानको स्तर यस्तो छ । हामीले समाचार, लेख वा सम्पादन गर्दा शब्दको अर्थ राम्ररी गर्नुपर्छ । 'दास क्यापिटल' पाराले हुँदैन । अल्छी गर्ने, नपढ्ने मान्छे पत्रकार बन्दै-नबन्दा राम्रो हुन्छ ।

समाचार तथ्यहरूको अभिलेख हो । त्यसैले समाचारलाई इतिहास लेखनको प्रस्थानविन्दु भनिन्छ । समाचार गाउँमा हुन्छ । तराईमा हुन्छ । हिमालमा हुन्छ । गरिबको झुपडीमा हुन्छ । राजधानीमा मात्र समाचार हुँदैन । हिजो राजनीति गाउँमा हुँदा समाचारको केन्द्र पनि गाउँमा हुन्थ्यो । अहिले त्यो सहर पसेको छ । तपाईंहरू अघि बढ्नुभयो भने पत्रकारहरू गाउँ जानेछन् । नेपालको पत्रकारिता पनि अहिले राजधानी केन्द्रित भएको छ ।

## नयाँ सञ्चारको प्रभाव तीव्र गतिको रेलझैं बढ्दैछ

– **विनोद भट्टराई**, सफ्टवेयर इन्जिनियर



सन् १९९३ अक्टोबरमा अमेरिकाका दुईजना युवाहरूले अनलाइन विद्युतीय पत्रिका सुरु गरेका थिए । नेपालमा त्यसको १४ वर्षपछि सन् २०१२ बाट अनलाइन पत्रिका सुरु भएको हो । मर्कण्टाइल कम्पनीको सेवाबाट 'काठमाडौं पोस्ट' ले काम सुरु गरेको थियो । २०७४ भाद्र १४ गतेको प्रेस काउन्सिलको प्रतिवेदनअनुसार नेपालमा ८३४ वटा अनलाइन पत्रिका छन् । अनलाइन टेलिभिजन, मोबाइल संस्करण आदि चलिरहेका छन् । अनलाइन पत्रिकाले अन्य सञ्चारका साधनलाई चुनौती दिइरहेको छ ।

मैले १५० वटा अनलाइनलाई डोमेन सेवा दिइरहेको छु । अनलाइन सुरु गर्दा सेवाप्रदायक कम्पनीसँग पार्श्वशुल्क (ज्ष्ममभलँभभ) को विषयमा राम्ररी छलफल गर्नुपर्छ । चलाएपछि कतिजनाले हेरे, सुने ? कहाँबाट हेरे ? सुपरीवेक्षण गर्ने र आफूलाई समृद्ध गर्ने गर्नुपर्छ । सुझाव र आलोचना लिनुपर्छ । कुन प्रकारका पाठक, दर्शक, श्रोता छन् ? त्यसको आधारमा नीति निर्माण गर्नुपर्छ । हरेक देशअनुसार गुगलले वर्गीकरण गर्छ ।

## समाचारको स्रोतसम्म कसरी पुग्ने ?

– **प्रभात चलाउने**, अध्यक्ष, क्रान्तिकारी पत्रकार संगठन, नेपाल



पहिले कण्डिकाको सुरु वाक्यदेखि नै मुख्य विषय आउनेगरी समाचार बनाउनुपर्छ । त्यसअगाडि संवाददाता, स्थान, मिति छुट्टाउनुहुँदैन । अघिल्लो वाक्यसँग जोड्दै फूलको मालाझैं शीर्षकले मागेको कथा थप्दै जानुपर्छ । मिश्र वाक्यहरू कम सम्प्रेषणीय हुने भएको कारण छोटा वाक्यहरू बनाउनुपर्छ । प्राथमिकताको छनोट पत्रकारको लागि सबैभन्दा चुनौतीको विषय हो । तलको प्रस्तुतिले शीर्षक र अघिल्लो प्रस्तुतिलाई विस्तार गर्दै, थप प्रष्ट पार्दै, पुष्टि गर्दै जाने हुनुपर्छ । कार्यक्रममा पार्टी नेता वा मुख्य अतिथिको कुरा प्राथमिकताको विषय त हो तर प्रमुख अतिथिको सबै विषय समाचारमा अट्दैन । त्यहाँ पत्रकारले प्राथमिकता छनोट गर्नुपर्छ । त्यहीँनेर पत्रकारको विचार र क्षमताको मापन हुन्छ । वक्ताले विषय दोहोर्‍याएका छन् भने हटाउनुपर्छ ।

हामी 'मिसन पत्रकारिता' गरिरहेका छौं । पार्टी विचार, राजनीति र समाचार हाम्रो क्षेत्र (बिट) हुन सक्छ । पार्टी समाचार लेख्नेले पार्टीको विज्ञप्ति, दस्तावेज, अपिल संकलन गरेर राख्नुपर्छ । आफ्नो 'बिट' अनुसारका सामाग्री भएन भने समाचार बनाउन सकिँदैन । आर्थिक क्षेत्रमा लेखा परीक्षकसँग धेरै सूचना हुन्छ । प्रत्यक्ष पकड भएन भने अप्रत्यक्ष स्रोतबाट सूचना लिन सक्दा समाचार दमदार हुन्छ । समाचारमा वैचारिक कोण फरक-फरक हुन्छ । हामीले हाम्रो विचार समाचारमा प्रस्तुत गर्न सक्छौं । आएका समाचारमा जोड-कोण थपेर, तानेर, काटेर नयाँ रूपमा प्रस्तुत गर्न पनि सकिन्छ । परिकल्पना गरेर, कथामा कला भरेर समाचार बन्दैन । प्राप्त सूचनालाई तथ्यहरूसहित सार्वजनिक गर्न सके समाचार बन्न सक्छ ।

## पत्रकारितामा भाषिक ज्ञान अनिवार्य छ

– **खेम थपलिया**, महासचिव, अनेजसा महासंघ



तपाईंहरूले १० गते अन्तरक्रियामा वक्ताहरूलाई अतिथि भनेको सुनियो । अतिथि भनेको के हो ? वर्षौंअघि अतिथिगृह, धर्मशाला, होटेल, यातायात, सञ्चारको सुविधा थिएन । यात्रुहरू साँझ परेपछि कसैको घरमा शरण लिन जानुपर्थ्यो । ती पाहुना तिथि-मिति नमिलाई पुग्थे । त्यस्ता पाहुनालाई संस्कृत साहित्यमा ' अतिथि' भनियो । निमन्त्रणा पत्र दिएर, चिठ्ठी काटेर, सबै सूचना र लक्ष्यसहित कार्यक्रममा बोलाउन ' अतिथि' (तिथि र मितिको पाहुना) भन्न मिल्छ कि मिल्दैन ? पत्रकारिता साहित्यको बेग्लै हाँगा हो । तसर्थ, पत्रकारले शब्द चयन गर्दा विचार पुर्‍याउनुपर्छ । भनिन्छ, हरेक शब्द एक हजार रूपैयाँको मुद्रा हो । आवश्यक पर्दा प्रयोग गर्नैपर्छ तर आवश्यक नपर्दा प्रयोग गर्नै हुँदैन । शब्द गोजीबाट झिक्दा विचार गरीगरी झिक्नुपर्छ ।

रातो खबर प्रकाशन गृहले आफ्नै बान्कीको अक्षर (फन्ट) बनाउन आवश्यक छ । यसले मौलिकता आउँछ । बक्स, फन्ट आदिमा एकरूपता र मौलिकता आवश्यक छ । पत्रकारितामा कार्टुनचित्रको महत्व निकै बढेको छ । समाचार बनाउँदा स्रोत उल्लेख गर्नुपर्छ । अरूको स्रोत, अर्काको लेख, चित्र, तस्बिर प्रयोग गर्दा स्रोत उल्लेख गर्नुपर्छ । अनुमति लिएर प्रयोग गर्नु अझ राम्रो हुन्छ । प्रतिलिपि अधिकार ऐनअनुसार स्रोत नखुलाइएको सामग्री प्रयोग गर्नु गैरकानुनी मानिन्छ । यो नैतिक प्रश्न पनि हो ।

## समाचारको भित्री कुरा खोज पत्रकारिताको विषय हो

– **शिव गाउँले**, पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ



समाचारका घटनाको भित्री कुरा नै खोजी पत्रकारिताको विषय हो । मार्क्सवादमा वस्तुको सारतत्व भनेझैं समाचारको गुदी कुरा पत्ता लगाउनु खोजी (INVESTIGATIVE) पत्रकारिता हो । कुनै बेला हिमालको सम्पादन गर्थें । अहिले खोज पत्रकारिता गर्छु । यस्ता ५ सयजति तालिम दिइसकेको हुनाले म तपाईंहरूका मनोविज्ञान बुझ्छु । मैले सुरुमै परिचय र प्रश्न सोध्नुको कारण तपाईंहरूलाई बुझ्नको लागि हो ।

सूचना र सञ्चारमा के भिन्नता छ ? 'आज बिहान कृष्ण ज्यापु लड्यो ।' यो समाचार बन्दैन । 'प्रम देउवा लडे ।' यो समाचार बन्छ । एउटै विषय एउटा समाचार बन्ने अर्को नबन्ने किन हुन्छ ? प्राप्त भएका सबै जानकारी, तथ्य, रहस्य सूचना हुन सक्छ तर सबै सूचना समाचार हुँदैनन् । खासखास सूचना मात्रै समाचार बन्छ । आम सरोकारको सूचना समाचार हो । हाम्रो टाउकोमाथि सूचनाका तरङ्गहरू बगिरहेका हुन्छन् । ती सूचना तरङ्ग हाम्रो टाउकाले टिप्न सक्नुपर्छ । मस्तिष्करूपी एण्टेना सक्रिय रहिरहनुपर्छ ।

सत्ता र शक्तिमा रहेका सूचनालाई समाचार बनाउने कि निम्छराको विषयलाई बनाउने अर्को विषय हो । सूचना राम्रो दिन सके सञ्चार माध्यम स्थापित हुने हो । अमेरिकाका पत्रकारहरूले अमेरिकी सञ्चारको श्रेष्ठता सावित गर्न 'अमेरिकी सञ्चार माध्यममा तथ्यहरूको प्रस्तुतिमा एकरूपता, विचारमा विविधता रहेको' दावी गरेका थिए । नोमचम्स्कीले उनीहरूलाई 'इराक-अमेरिका युद्धमा कतिजना अमेरिकी सेना मारिए ?' प्रश्न गरे । अमेरिकी सञ्चारले सरकारी तथ्याङ्क सुनाउने गरेका थिए । त्यो प्रश्नले अमेरिकी सञ्चारकर्मीको मुख बन्द भयो । त्यसैले सत्ता र शक्तिको नियन्त्रण बाहिरको सूचनाको संसारमा प्रवेश गर्न सक्नुपर्छ ।

पत्रकार चिया पसलको गफाडी जस्तो हुनुहुँदैन । मनमा प्रश्न उठ्नासाथ लेख्नुपर्छ, बोल्नुपर्छ, अनुसन्धान गर्नुपर्छ । 'भ्रष्टाचार भयो, कसैले भन्यो भने, 'सबै चोर त हुन्, यो देशमा यस्तै त हो' भनेर सार्वजनिक स्थलमा सरापेर चुपचाप बस्ने, पत्रकार हुँदैन । त्यस्तासँग संगत पनि गर्नुहुँदैन । पत्रकारले त भ्रष्टाचार भयो, अनियमितता भयो, अन्याय भयो भन्ने लागेपछि लेख्नुपर्छ । मनलाई सपनाको चिहानघारी नबनाउनुहोस् ।

झापामा गोली चल्यो, मान्छे मर्‍यो किन ? कसरी ? आरोप-प्रत्यारोप छ । त्यो घटनाको भित्री कुरा के हो ? मेरो अनुसन्धानअनुसार अहिले प्रहरी चौकी बाहिरबाट हेर्दा पहिलेकै अवस्थामा छन् तर ६० प्रतिशत जनशक्ति चुनावमा पठाइएको छ । त्यसकारण चौकीका प्रहरीमा 'हामी कमजोर छौं' भन्ने थाहा छ । त्यसकारण उनीहरू त्रसित छन् । अरू समयमा भए लाठी, अश्रुग्याँस हान्थे होला । त्रसित प्रहरीले आत्तिएर जुलुस चौकीतिर आएको देख्नासाथ गोली चलायो । यो विषयमा मलाई पूरै विश्वास भएकोले तपाईंहरूलाई सुनाएँ । मैले प्रहरीको उच्चतहसम्म बुझ्दा भित्री कुरा त्यो पाएँ । अनुसन्धान पूरा भएपछि सार्वजनिक गरौंला । नेताहरू गणतन्त्र भन्छन्, लोकतन्त्र भन्छन् तर सामन्ती व्यवहार गर्छन् । कार्यकर्ता बोल्न सक्दैनन् किन ? कार्यकर्ता बोल्न नसक्नुको कारण के होला ? भित्री कुरा हुन सक्छ, उसलाई टिकट पाइन्न कि भन्ने त्रास छ । समाचार बनाउँदा धेरैको चासो र प्रभावित पार्ने खालको समाचार खोज्नुपर्छ ।

पत्रकार तीन कुरामा सचेत हुनुपर्छ– आशंका, विरोधाभास र किन ? कुनै घटना वा सूचना आएपछि भए होला, गरे होला भनेर आम जनताको जस्तै टिप्पणी गरेर बस्नुहुँदैन । जाँचबुझ गरेर हेर्नुपर्छ । मनले दिने स्वभाविक उत्तरमा सन्तुष्ट हुनुहुँदैन । सूचनामा अन्तरविरोधी पक्षहरू खोज्नुपर्छ । भित्री वा गुदीसम्म पस्ने ढोका अन्तरविरोधी पक्ष हो । सेनाका अधिकृतको सम्पूर्ण परिचय सेनाको अनलाइनमा राखिएको छ । त्यो हेर्दा राजेन्द्र क्षेत्रीको जन्म मिति रहेनछ । हामीले किन ? भनेर खोज्दै जाँदा भूठो विवरण पेश गरेर जागिर खाएका रहेछन् । छुटे होला, भैगो केही भए होला भनेर बसेको भए हामी पत्रकर हुँदैनथ्यौं । जनता सूसुचित हुने थिएन । पत्रकार सधैं फरक गोरेटोमा हिँड्न सक्नुपर्छ । पत्रकारले बाटो बदल्नुपर्छ । त्यस्ता अल्छीसँग संगत नगर्नुस् । नारायणमान बिजुक्छेले वामगठबन्धन भारतले बनाएको भनेका थिए । अहिले रोहित पनि त्यही गठबन्धनमा गएको अथवा जाने समाचार आएको छ । यो विरोधाभास किन ? अब तपाईं 'होला, यस्तै त हुन्' भनेर बस्नुहुन्न । यो विरोधाभासको कारण खोज्नुपर्छ । त्यसपछि सूचनालाई किन ? भनेर हेर्नुपर्छ । आज बेलायतले बैंकमार्फत निवृत्तिभरण गर्छ तर भारतले नगदमै किन दिनुपर्‍यो ? निवृत्त र बहालवाला गरी १ लाख ५० हजारजतिलाई पेन्सन बाँड्न २५ स्थानमा शिविर र हजारौं भारतीय सेना नेपालमा किन चाहियो ? बैङ्कमार्फत किन नदिएको ? यो प्रश्नको गुदी कुरा के हुन सक्छ भने २०२६ सालमा फर्केको भारतीय सेना पेन्सन क्याम्पको आवरणमा आइरहेको छ । पेन्सन वितरणभन्दा अरू नै धन्दा, निगरानी गरिरहेको छ ।

## सञ्चार माध्यम साइबर सेना हो

– **सुदर्शन**, **नेता**, नेपाल कम्युनिस्ट पार्टी



पत्रकार एडगर स्नोले स्टालिनको जीवनी लेखनका लागि सामग्री संकलन गर्दा गुप्तचरको आरोपसम्म लाग्यो । उनी अडिग भएर आफ्नो धन्दा जारी राखे । अन्तिममा स्टालिनको जीवनी एड्गरको जत्तिकै अरू कसैको भएन । त्यसैले पत्रकार भनेको साइबर सेना हो । एड्गरको लेखनले स्टालिन विरोधी वैचारिक सेनालाई चोटिलो प्रहार गरेको थियो ।

आज दलालको हातमा सत्ता छ । उद्योग वाणिज्य संघमा नेपाली विस्थापित भएका छन् र पशुपति मुरारका जस्ता दलालले कब्जा गरेका छन् । दलालले जनपक्षीय सञ्चारलाई सुकाउने र दलाल सञ्चारलाई उठाउने गर्छ । हरिऔनमा नेकपाले कारवाही गरेको थियो । तेश्रो चरणको स्थानीय चुनावको सो घटनाको समाचार ई-रातो खबर र रातो खबर साप्ताहिकबाहेक अरूले दिएनन् । हाम्रै निकटका सञ्चार पनि फरक देखिएर सरकारी सुविधा आउँला कि भनेर सोचेझैं देखिन्छ ।

## चाकरी र मर्यादाको सिमाना कहाँ हो ?

– **तीर्थ कोइराला**, वरिष्ठ पत्रकार



दल र संस्थाले दिने कुरा प्रचार हो भने उनीहरूले लुकाउने कुरा सूचना हो । प्रचार समाचार होइन । लुकेको, लुकाउन खोजेको कुरा समाचार बन्न सक्छ । नेताहरू उज्यालो भएदेखि रातीसम्म बोलेको बेल्यै, दिने मात्र गर्छन् । लिने, सुन्ने, पढ्ने कुरा छैन । त्यसो भएपछि नयाँ कुरा, गम्भीर विषय कसरी आउँछ ? पत्रकार त्यस्तो भएर काम चल्दैन, पढ्नुपर्छ, खोज्नुपर्छ । हाम्रो सामाजिक पक्ष र परिवर्तनलाई अन्तरविरोधी बनाउनुहुँदैन ।

हलिया मुक्ति भएको समयमा म एउटा कार्यक्रममा पुगेको थिएँ । सबैले कार्यक्रमको बखान गरे । मैले सोधें- हलिया मुक्त भएपछि हलियाले के गर्छ ? मालिकले हली नपाएपछि के गर्छ ? खेतबारीमा खेती के हुन्छ ? हलियालाई आवश्यक जमिन, रोजगार, उद्योग, व्यापारको व्यवस्था छैन । अब ऊ नेपालगञ्ज, धनगढी वा भारततिर भारी बोक्न, रिक्सा चलाउन जान्छ । मालिकले जग्गा बेच्छ र सहरमा घडेरी किन्छ । जग्गा विचौलिया चक्लाबन्दी गर्छ । त्यसरी देश झन् बर्बादीतिर जान्छ । उत्पादनका साधन र सम्बन्धमा परिवर्तन नगरी परिवर्तन जनताको पक्षमा, मुलुकको पक्षमा हुँदैन । विदेशी दलालहरूले नेपाललाई झन् बर्बाद पारेर हैकम बढाउन यस्ता कार्यक्रम बनाएका त होइनन् ? पत्रकारले त्यो पक्ष पनि देख्नुपर्छ र लेख्नुपर्छ ।

नेपालमा दलित गैरसरकारी संस्थाले ल्याएको शब्द हो । अछुत भन्नुपर्छ । दलहरूले समावेशी भनेर 'कुर्सी नछोड्ने, झन् कुर्सी थप्ने' गरेका छन् । कर्मचारी र नेता पाल्न नसक्ने अवस्थामा देश पुगेको छ । राजनीतिक निर्णयमा सह-उत्पादन भएझैं समाचारको पनि सह-उत्पादन हुन्छ । त्यसलाई हेरिरहनुपर्दछ । जसरी शिक्षा लिनु र ज्ञान प्राप्त गर्नु एउटै होइन, त्यसरी नै सूचना नै समाचार होइन ।

कमल थापालाई जता पनि पस्ने मुसो भन्थे । अहिले प्रचण्ड भन् ठूलो मुसो भएका छन् । 'प्रचण्डसँग वार्ता हुँदैन, एमाले पागल भएको छ र वार्ता गर्ने ?' भन्थे के.पी. वली ! अहिले १५ वर्षसँगै जाने सरकार चलाउने भन्न थालेका छन् । कुलमानसिंहको हाईहाई छ । अलिकति भारतले विद्युत दिएर, अलिकति व्यवस्थापन राम्रो गरेर विद्युत आपूर्ति नियमित भएको हो । भारतले किन दियो त ? नेपालमा नेताहरूले पजेरो चढेको भनेर ठूलो विरोध भयो । त्यसपछि बोलेरो, स्कर्पियो, सुजुकी आए । जापानी वाहनको बजार कब्जा गर्न भारतीय व्यापारीले सञ्चार र ठूलो स्वर भएका बुद्धिजीवीलाई लगानी गरेको रहस्य खुल्यो । पजेरोको विरोध गरेर जापानको सट्टा भारतको बजारलाई ढोका खोलियो । त्यसरी लोकप्रिय र सदाचार नारा बोकेर पनि जनघात र राष्ट्रघात हुने गर्छ । पत्रकारले समयमै गुदी कुरा जनतालाई दिन सक्नुपर्छ ।

बेसार अमेरिकाले देखेकै छैन । यो दक्षिण एसियाको मसला हो । अमेरिकाले प्रतिलिपि अधिकार लिन खोज्दैछ । चीन र भारतको कारण रोकिएको छ । साम्राज्यवाद मोटर, माला, मसला, बीउ, विषादी बोकेर आउँछ । स्थानीय साधन-श्रोत चोर्दै, लुट्दै, थोपर्दै आउँछ । आज परम्परादेखिको कुनै अन्न फल्दैन । यसमा साम्राज्यवादको खेल छ । त्यो मोर्चामा देशभक्तहरू लड्नुपर्छ । लडाइँको निशाना नै गलत भएको छ ।

पत्रकारितामा भाषिक ज्ञान चाहिन्छ । केही आयो, किन आयो ? त्यसको प्रभाव के हुन्छ ? सोध्नुपर्छ । प्रश्न नगर्ने पत्रकार हुँदैन । पत्रकारले प्रश्नको जवाफ पनि दिन सक्नुपर्छ । बेलायतमा सात पुस्ता बिताएपछि रैथाने (आदिवासी) मानिँदो रहेछ । नेपालमा दशौं पुस्ता बस्दा पनि खसहरू रैथाने नहुने, ५ वर्षअघि नेपाल पसेको विहारी रैथाने ठान्नेहरू पनि छन् ।

श्रमजीवी पत्रकारको न्यूनतम ज्याला तोकिएको छ तर कतै लागू भएको छैन । औकात नै नभएकोले कसरी दिने ? पारदर्शी सहमति र सहमतिअनुसारको कार्यान्वयन समाधान हुन सक्छ । नेपालको नम्बर एक अखबार कान्तिपुर भनिन्छ तर सबैभन्दा धेरै कर गोरखापत्रले तिर्छ । यो विषयले थुप्रै प्रश्न र आशंका जन्माएको छ । २०३३ सालमा डिपी अधिकारी पञ्चायतमा पसेपछि मुस्ताङमा हावाबाट चल्ने बिजुली भित्र्याएका थिए । आज ४ दशकपछि त्यही काम नयाँ आविष्कारझैं गरिएको छ । पत्रकारले त्यो देख्न सक्नुपर्छ । ९० दिनको एक महिना हुन्छ, दिल्लीले भन्यो भने कस्तो सत्य भन्दै उफ्रिने पत्रकार पनि छन् ।

पवन चाम्लिङले 'झण्डा मात्र राखेर देश रहन्न । हामीले झण्डा र देश फालेर मुख्यमन्त्री भयौं । धोती लगाएर मात्र भारत आउँदैन । हाम्रो भाषा र संस्कृतिको केन्द्र पनि नेपाल हो ।' भनेका छन् । विश्वास र आस्थाका अगाडि तर्कले काम गर्दैन । हामीले प्रश्न गरिरहनुपर्छ । चाकरी र मर्यादाको सिमाना कहाँ हो ? नेताहरूलाई मर्यादा गर्नुपर्छ, चाकरी होइन । विषय र वस्तुलाई पत्रकारको चस्माले हेर्नुपर्छ ।

पृष्ठ १ बाट क्रमशः

# बालकृष्ण ढुंगेल र शान्ति प्रकृया

थिए। सिंगो राज्यसत्ता ध्वंश गर्न र नयाँ जनवादी राज्य स्थापना गर्न हिडेका बालकृष्ण ढुंगेलका बुझाईमा ती न्यायाधीश प्रतिक्रियावादी राज्यसत्ताका एक प्रतिनिधी भएपनि 'न्यायाधीश' भन्ने नाम र कामले गर्दा उनीप्रति केही मात्रामा भए पनि न्याय दिन सक्छन् कि भन्ने झिनो आशा चाँहि बालकृष्णमा पलाएको देखिन्छ।

न्यायाधीशले उनलाई सवाल गरे "उज्जन कुमार श्रेष्ठको हत्यामा तिम्रो संलग्नता छ, छैन ? उनलाई बल्ल थाहा भयो कि आफुलाई उज्जन कुमार श्रेष्ठको हत्याको मुद्दामा यहाँ ल्याइएको रेहछ। उनले जवाफ दिए "म उज्जन कुमार श्रेष्ठको हत्यामा संलग्न छैन। उनको हत्या कसले गर्यो त्यो पनि थाहा छैन" न्यायाधीशले पुनः सवाल गरे "उसो भए उज्जन कुमारका दाजु गणेश कुमार श्रेष्ठले जाहेरी गर्दा बारम्बार आपसमा मिटिङ आमसभा गरी ..... बालकृष्ण ढुंगेल समेतले मारेका हुन् भन्दै अदालतमा मार्नु पर्ने कारण चाँहि भुवन श्रेष्ठले बालकृष्ण र पुष्करलाई माओवादीको सुराकी प्रहरीमा पु-याएकोले हो भनेका छन् यसबारे के हो ?" बालकृष्णको जवाफ थियो, "घटना घटेको भनिएको मिति र स्थानमा म छैन, म त त्यो दिन उक्त स्थानबाट करीब १२ कोषको दुरीमा रहेको ओखलढुंगाको हर्कपुरमा छु, मलाई राजनैतिक प्रतिशोधको कारण झुठ्ठा जाहेरी दिएका हुन्।"

न्यायाधीशले फैसला गर्नुपर्ने मिसिल हेरेर प्रश्न त गरे तर बालकृष्णको सुन्निएको जीउ, लखतरान परेर अर्धचेत भएको शरीर, एक महिना अगाडि पक्राउ परेको बेपत्ता बनाईदाको यातनाको व्होरा बारे प्रश्न गरेको देखिएन। न्यायाधीशले फैसला गर्नुपूर्व अनिवार्य रुपमा केही आधारभुत कुरा ठहर गर्नु पर्ने हुन्छ। जस्तै मृतकको मृत्यु भएको हो, होइन ? हो भने मृत्यु कर्तव्यबाट भएको वा अन्य कुनै कारणले भएको हो ? यदि कर्तव्यबाट भएको हो भने को, कसबाट कसरी भएको हो ? हतियार वा अन्य कुनै वस्तुको प्रयोग गरिएको हो ? त्यसको पुष्टी गर्नको लागि पोर्ष्टमार्टम रिपोर्ट छ छैन ? पोष्टमार्टम रिपोर्टबाट देखिएको कारण र पुष्टी गर्ने हातहतियार वा वस्तु फेला पर्यो वा परेन ? वा कसैबाट बरामद भएको छ वा छैन ? वा त्यस्तो हतियार वा वस्तु कुनै अभियुक्तसंग सम्बन्धित देखिन्छ कि ? यी विषयवस्तुलाई पुष्टी हुने अन्य परिस्थितिजन्य प्रमाणहरु के छन् ? यी सबै परीक्षण गरेर मात्र न्यायाधीशले फैसला गर्नु पर्ने हुन्छ। त्यसमा पनि शंकाको सुविधा अभियुक्तले पाउँछ। दश जना अपराधी छुटुन् तर एउटा निर्दोष मानिसले सजाय भोग्नु नपरोस् भन्ने फौजदारी कानुनको सामान्य सिद्धान्त नेपाली न्यायिक प्रणालीमा पनि अवलम्बन गरिन्छ भनिन्छ। तर यहाँ न्यायाधीशबाट यी आधार भुत कुराको पालना नगरी मृतकको मृत्यु भएको र कर्तव्यबाटै भएको ठोस रुपमा पुष्टी हुनेगरी उल्लेख नगरी बालकृष्ण ढुंगेललाई सर्वस्व सहित जन्मकैद हुने फैसला गरियो।

बालकृष्ण ढुंगेलका लागि मात्र नभएर यो सबै नागरिकका लागि अन्यायपुर्ण फैसला हो। यो फैसलाले त्यसबेलाको प्रतिक्रियावादी राज्यसत्ताको पक्षपोषण मात्र गर्छ। त्यसैले फैसला अन्यायपुर्ण हुँदा बालकृष्णको पुनरावेदन पर्यो। एउटा कुरा उठ्न सक्छ, यदि बालकृष्ण निर्दोष हुन भने उज्जन कुमार खै त ? कहाँ बेपत्ता पारियो ? वा कसले मार्यो ? जीवतै भए कहाँ छन् ? यसको जवाफ बालकृष्ण ढुंगेलले हैन, नागरिकको जीउ धनको सुरक्षाको ग्यारेन्टी लिएको भनिएको राज्यले दिनैपर्छ। राज्यले अनुसन्धान गर्न नसकी लाचारी हुनुपरेको दोष बालकृष्ण र पुष्कर समेतका नागरिकले भोग्नु पर्ने हुन सक्दैन। यो, राज्यले आफ्नो नागरिक माथि थोपरेको घोर अन्याय र बर्बरताको पराकाष्ठा हो। राजविराज स्थित पुनरावेदन अदालतबाट बालकृष्णलाई निर्दोष साबित गरियो। यसबेलासम्म उनी बिनाकारण ७ वर्ष कठोर यातनापुर्ण जेलवास बस्नुपर्यो। बालकृष्ण ढुंगेललाई निर्दोष ठहरगरेको फैसला उपर सर्वोच्च अदालतमा २०६३ सालमा सरकारले पुनरावेदन ग-र्यो। सर्वोच्च अदालतले पुनरावेदनको फैसला उल्टयाएर शुरु जिल्लाको सर्वस्व सहित जन्मकैद गरेको फैसला ठिक छ भनि २०६६ साल पौष १९ मा फैसला ग-र्यो। २०७४ साल कार्तिक १६ गते सरकारबाट बालकृष्ण ढुंगेललाई पक्राउ गरी जेल पठाई फैसलाको कार्यान्वयन गरियो।

### मुद्दा र शान्तिप्रकृया

जनयुद्ध चलिरहेको बेला २०५५ साल कार्तिकमा उज्जन कुमार श्रेष्ठको हत्या सम्बन्धी मुद्दा शुरु भयो। उज्जन कुमार श्रेष्ठको लाश भेटिएको छैन। खालि गोली हानेको देखको भन्ने प्रत्यक्षदर्शी भनिएकाको भनाइलाई मात्र आधार लिई उज्जन कुमारको मृत्यु भएको ठहर गऱ्यो अदालतले। केही वर्ष पहिला नेपालकै एउटा जिल्ला अदालतबाट यसै गरी ज्यान मुद्दामा कुनै व्यक्ति जेलपरे तर पछि मारिएको भनिएको व्यक्ति जीवितै आएको घटना पनि छ। त्यसैले यसमा ज्यान मारेकोमा मुद्दा चल्नुपर्थ्यो वा वेपत्ता पारेकोमा चल्नु पर्थ्यो यो पनि एउटा छलफलको विषय हो। जे होस उज्जन कुमारको जिवित वा मृत शरीर आजसम्म फेला परेको छैन। मुद्दा बालकृष्ण ढुंगेल, पुष्कर गौतम समेतलाई लगाइएको छ। मारेकोमा होस वा विना कारण मुद्दा लगाइएको होस जे भएपनि यसको कारण जनयुद्ध नै हो। बालकृष्ण ढुंगेल जनयुद्धमा लागेको नेतृत्व तहका व्यक्ति हुन भन्ने कुरा स्थापित छ। त्यसैगरी बालकृष्णलाई हत्या गरेको आरोप लगाउने मृतकका दाजु जाहेरीवाला गणेश कुमार श्रेष्ठले आफ्नो जाहेरीमा "....बारबार मिर्टिङ आमसभा गरी षडयन्त्रपूर्वक मारेका हुन.." भन्छन् भने अदालतमा आएर " भुवन श्रेष्ठले बालकृष्ण र पुष्करलाई माओवादीको सुराकी प्रहरीमा पुऱ्याएकोले मारेका हुन्" भनेका छन्। यसबाट घटना जनयुद्धसँग जोडिएको पुष्टी हुन्छ। चाहे आमसभा वा बैठक गरी मार्ने वा वेपत्ता पार्ने कार्य गरेको भन्ने अभियोग होस चाहे माओवादी सुराकी गरेको भन्ने दोषारोपण गरिएको होस दुवै पक्षबीच व्यक्तिगत वा निजि मामलाको रिसइवी देखिदैन। बरु कारण माओवादी जनयुद्ध नै देखिन्छ।

जनयुद्धका क्रममा घटेका घटनाहरुलाई शान्तिसम्झौतामा "सशस्त्र द्वन्द्वका क्रममा घटेका घटनाहरु" भनी निम्न अनुसार सहमति, समझदारी, सम्झौता एवं बैठकमा व्यवस्था गरेको देखिन्छ। यी शान्ति सम्झौता, सहमति, समझदारीलाई अन्तरिम संविधानले आफ्नो अभिन्न अंगको रुपमा उल्लेख गऱ्यो। अन्तरिम संविधानमा उल्लेखित शान्ति प्रक्रिया सम्बन्धि विषयवस्तु हालको संविधानले समेत अंगिकार गरेको छ।

> *बालकृष्ण ढुंगेलका लागि मात्र नभएर यो सबै नागरिकका लागि अन्यायपुर्ण फैसला हो । यो फैसलाले त्यसबेलाको प्रतिक्रियावादी राज्यसत्ताको पक्षपोषण मात्र गर्छ । त्यसैले फैसला अन्यायपुर्ण हुँदा बालकृष्णको पुनरावेदन पर्यो । एउटा कुरा उठ्न सक्छ, यदि बालकृष्ण निर्दोष हुन भने उज्जन कुमार खै त ? कहाँ बेपत्ता पारियो ? वा कसले मार्यो ? जीवतै भए कहाँ छन् ? यसको जवाफ बालकृष्ण ढुंगेलले हैन, नागरिकको जीउ धनको सुरक्षाको ग्यारेन्टी लिएको भनिएको राज्यले दिनैपर्छ ।*

(क) २०६२ मंसिर ७ गते सात राजनीतिक दल र माओवादीबीच भएको बाह्र बुँदे समझदारीपत्रको बुँदा नम्बर १२ मा "...घटनाहरुको सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कारबाही गर्ने दुवै पक्षबाट प्रतिवद्धता व्यक्त भएको छ... "

(ख) २०६३।३।२ मा सातदल र माओवादी विच भएको र आठ बुँदे समझदारीपत्रको बुँदा नम्बर ४ मा "....सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्ने र नेकपा(माओवादी) द्वारा गठित जनसरकारहरु विघटन गर्ने... "

(ग) २०६३।७।२२ मा सातदल र माओवादी बिचको बैठकको निर्णय .... ३(ग) मा "अन्तरिम व्यवस्थापिका संसद गठन भएको दिनदेखि ने.क.पा.( माओवादी) को नेतृत्वमा रहदै आएको जनसरकार, जनअदालत लगायतका सत्तासम्वद्ध सबै निकाय भंग हुने"

(घ) २०६३।७।२२ मा भएको सातदल र माओवादी बैठक को निर्णय नम्बर (४) मा "राज्य र ने.क.पा. माओवादीद्वारा राजनीतिक नेता तथा कार्यकर्ताहरु भनी लगाइएका सबै आरोप र अभियोगहरु फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवै तर्फका राजनीतिक बन्दिहरुलाई तुरुन्त रिहा गर्ने"

(ङ) २०६३।८।५ मा दुवै पक्ष विच भएको विस्तृत शान्ति सम्झौताको नम्बर ५.२.७. मा "दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधिन रहेको मुद्दा मामला फिर्ता लिने र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्काले सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्।"

(च) उल्लेखित शान्ति सम्झौताको नम्बर ५.२.५. मा "दुवै पक्ष शसस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भिर उल्लघंन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्।"

(छ) उल्लेखित बुँदा नम्बर ५.२.५.को व्यवस्था अन्तरीम संविधानको धारा ३३(घ) मा उल्लेख गरियो। त्यसैगरी विस्तृत शान्ति सम्झौतालाई अन्तरिम संविधानको अनुसूचीमा राखि संविधानको अभिन्न अंग बनाइयो। शान्ति प्रकृया सम्बन्धि अन्तरिम संविधानमा भएका कार्यहरु यसै संविधान बमोजिम भएको मानिनेछ भनी २०७२ सालको संविधानको धारा ३०४(२) मा उल्लेख गरिएको छ।

उल्लेखित सम्झौता एवं संविधानका विषयवस्तुहरुले निम्न कुराको पुष्टी गर्छ।

(१) २०५२ साल फागुन दखि २०६३ साल मंसिरसम्म श-सस्त्र जनयुद्धमा युद्धरत दुवै पक्षतर्फ आ-आफ्ना सत्ताहरु भएको, यस किसिमका सत्तामा भएका अदालत, मुद्दामामला, जनताका दैनिक कारोबार, अचल सम्पत्ति बिक्रिवितरण आ-आफ्ना प्रशासनका काम कारवाहीलाई उल्लेखित सम्झौता गरेर एकले अर्कोलाई मान्यता दिएको देखिन्छ। अर्थात समानान्तर सत्ता भएकोमा अब सत्ता साझेदारीबाट अघि बढनुपर्छ भन्ने मान्यता राखेको देखिन्छ।

(२) जनयुद्धका क्रममा राजनीतिक कारणले लगाइएका आरोप, उजुरी र विचाराधीन रहेका मुद्दा फिर्ता लिने र थुनामा रहेकालाई तुरुन्त रिहा गर्ने प्रतिवद्धता दुवै पक्षबाट भएको देखिन्छ। तर बालकृष्णको मुद्दा फिर्ता लिनुको साटो पुनरावेदन अदालतबाट बालकृष्णले सफाई पाइसकेपछि माओवादी सम्मिलित सरकारले नै सर्वोच्च अदालतमा फेरी पुनरावेदन गऱ्यो र नियतवश पुनः मुद्दा व्युझाँइयो। शान्ति सम्झौताको बुँदा नम्बर ५.२.७. को र संविधानको सरकारले सोझै उल्लघंन गऱ्यो। फैसलाको कार्यान्वयन पनि यतिखेर प्रचण्डको पार्टी सरकारमा सामेल हुँदा नै गरियो। यो सबै संयोग कसरी मिल्यो ? यसको समिक्षा पनि भविष्यमा कुनै बेला हुने नै छ।

(३) शेरबहादुर देउवा नेतृत्वको सरकार हुँदा माओवादी नेतृत्वको टाउकोको मुल्य तोकेर सार्वजनिक सञ्चार माध्यमबाट प्रचार गरियो। दोरम्बा लगायतका घटना घटाइयो। यी विषयहरुमा पनि माओवादी जनसत्तामा तत्काल उक्त घटनाका दोषी उपर चलाइएका मुद्दा व्युझाँइयो भने के हुन्छ ? शान्ति प्रकृयाको एउटा पक्ष माओवादी बाटै विभाजित भएर संविधानसभा एवं हालको संसदीय पद्धतिबाट बाहिर रहेको नेपाल कम्निष्ट पार्टीले शान्तिसम्झौता सरकारी पक्षबाट उल्लघंन भएको र जनयुद्धको नेतृत्वकर्ताले पनि धोका दिएर जनयुद्ध एवं जनआन्दोलनका एजेन्डा छोडी संसदीय व्यवस्थामा प्रवेश गरेकोले जनसत्ता तत्काल परेका मुद्दा उल्टाउँछौं भन्दै आफूहरुले जनगणतन्त्रको संविधान र जनसत्ताको घोषणा गरेको कुरा सार्वजनिक गरेको छ।

४. शान्ती संझौतामा घटनाहरुको छानविन गरी सत्य तथ्य पत्ता लगाई मेलमिलापको वातावरण बनाउन कानुन एवं आयोगहरु बनाउने भनि प्रतिबद्धता गरियो। ढिलै भएपनि आयोगहरु बने तर यसअघि नै सर्वोच्च अदालतबाट दैलेखका डेकेन्द्र थापाको मुद्दामा तथा फुजेलको कृष्ण प्रसादको मुद्दामा यस्ता प्रकृतिका मुद्दाहरु साधारण अदालतबाट हेर्न सकिने भनि ब्याख्या गरियो तर भैरवनाथ गणबाट ४९ जना व्यक्तिहरु बेपत्ता पारेको कार्यमा संलग्न सेनाका राजु बस्नेतको बढुवा बदर मुद्दामा सर्वोच्च अदालतबाट प्रस्तुत विषय द्वन्द्वकालको हुँदा सत्यनिरुपण सम्बन्धि आयोगबाट हेरिने भनि ब्याख्या गरियो। सर्वोच्च अदालतबाट एकै प्रकृतिका घटनाका बारेमा गरिएका यस सम्बन्धी छुट्टाछुट्टै ब्याख्या दोहोरो मापदण्डमा आधारित देखियो।

५. २०५५ सालमा सर्वोच्च अदालतमा परेको राजेन्द्र ढकाल समेतको बन्दीप्रत्यक्षीकरण मुद्दामा मानिस वेपत्ता पार्ने कार्यमा संलग्न तत्कालका प्रहरीसुरक्षाकर्मी विजय प्रताप शाह, हनुमानदास श्रेष्ठ र कुशविक्रम राणा समेतलाई तुरुन्त निलम्बनमा राखि कारवाही गर्नु भनि सरकारका नाममा २०६४।०२।१८ मा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भयो। तर यसको कार्यान्वयन कहिल्यै भएन। कृष्ण सेन 'इच्छुक'को हत्या तथा काठमाण्डौंमा २०५८।५९ सालमा अर्थात संकटकालका अवस्थामा थुप्रै मानिसहरु पक्राउ गरी बेपत्ता पार्ने कार्यमा संलग्न भनी चिनिएका तत्कालिन प्रहरीका डि.एस.पि विक्रम सिंह थापा माओवादी कै सरकार हुँदा बढुवा एवं पुरुस्कृत हुन पुगेको तितो यथार्थ पनि हामीले देखेका छौं।

### न्यायको आँखाबाट हेर्दा

जनयुद्ध र जनआन्दोलनमा उठाइएका राजनीतिक एजेण्डाहरु लागु गर्न नसकिनु विडम्वना हो तर पनि नेपालको इतिहासमा निरंकुश राजतन्त्रको अन्त्य हुनु पनि ठूलै उपलब्धि मान्नु पर्ने हुन्छ। युद्धका कारण हजारौं नागरिकहरु पीडा भोग्न बाध्य भएका छन्। हजारौं हजार होनाहार योद्धाहरु मारिए, बेपत्ता पारिए अपाङ्गता अवस्थामा पुगे, यातना विस्थापित एवं झुठ्ठा मुद्दा समेतका कारण आक्रान्त हुन पुगे। यी मर्माहत पीडाको संबोधन हुनु पर्थ्यो, हुन सकेन। यदि जनताले चाहेजस्तो नेपाली समाजमा लामो समयदेखि रहेको अन्तरविरोधको अन्त्य गरी जनताको जीवनस्तर बदलिने खालको स्वाधीन राष्ट्रको, जनताको गणतान्त्रिक राज्य व्यवस्थाको संविधान बनेको भए यी घाउहरुमा मलमपट्टीको अनुभुति अवश्य हुने थियो। त्यसैगरी यी पीडा भोग्न बाध्य जनतालाई न्यायपूर्ण तरिकाले संबोधन गरी तिनको परिवारहरुको अभिभावकत्व राज्यले ग्रहण गरेको भए, बेपत्ता योद्धाहरुको अवस्था यथाशिघ्र सार्वजनिक गरिदिएको भए मारिएका सहिद एवं वेपत्ता योद्धा तथा घाइते योद्धाहरुको सम्मान एवं तिनको योगदानको संस्थागत बेलैमा गरिदिएको भए वा गर्न कटिबद्ध भएको भए यी पीडा भोग्न बाध्य नागरिकको घाउमा अवश्य पनि मलमपट्टी लगाएको अनुभुति हुन्थ्यो होला।

तर यतिखेर शान्ति प्रकृया थालिनीको १२ वर्ष पुगेको छ। असफल संसदीय यवस्थाको संविधान घोषणा गरिएको विकृतपूर्ण निर्वाचनका माध्यमबाट सत्तामा जाने र विकृतिपूर्ण ढंगले राज्य संचालन गर्ने पद्धति बस्यो। युद्धमा पीडा भोग्न बाध्य जनताको कुनै वास्ता गरिएन। आजको मुख्य विषयवस्तु नै यही हो। एकातिर उज्जन कुमारको हत्या भयो वा बेपत्ता पारियो, जे होस् तिनका परिवारले पनि उचित न्याय पाउनु पर्छ। देशको परिवर्तनको लागि हिडेको बालकृष्ण ढुंगेल र तिनको परिवारले पनि इन्साफ पाउनुपर्छ। बालकृष्ण ढुंगेलले आफू अन्यायमा परेको कुरामा आफ्नो कुरा राख्ने मौका नै पाएका छैनन्। मुद्दा शुरु हुँदा माओवादी भएकै कारण उनले आफ्नो कुरा स्पष्टसंग राख्न पाएनन्। उनको मुद्दा २०६३ सालमा शान्ति संझौतापछि सर्वोच्चबाट फैसला नहुँदै सरकारले फिर्ता लिनुपर्थ्यो। यो बारे पनि उनले बोल्ने ठाँउ पाएनन्। सर्वोच्च अदालतबाट २०६६ सालमा फैसला हुँदा पनि उनले कानुन व्यवसायी राखी मुद्दामा आफ्नो प्रतिनिधित्व गराउन पाएनन्। कठोर १ महिनाको त्रासदीपूर्ण यातनाका कारण उनी मृगौला एवं मुटु रोगबाट सताइएका छन्। करिब ८ वर्ष सम्मको कठोर जेल सजायमा बस्नु प-र्यो। बालकृष्णले आफू निर्दोष छु भन्ने कुरा राख्ने कुनै ठाँउ पाएनन्।

के सत्य निरुपण सम्बन्धी कानुन एवं आयोगहरु बालकृष्ण र उनी जस्तालाई वाहेक गरी बनाइएको हो ? एकातिर, यो घटना जनयुद्धको क्रममा घटेको हो भनी उज्जन कुमारका परिवारलाई द्वन्द्वपीडितको श्रेणीमा राख्ने, अर्कोतिर, यो त बालकृष्णको निजी मामला हो भनी बालकृष्णलाई बोल्ने नदिई जेलमा राख्ने ! सरकारको यो व्यवहार एकदमै पूर्वाग्रहपूर्ण छ एकतर्फि छ। यो त संविधान, कानुन, शान्ति प्रक्रिया र यस सम्वन्धी अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डसँग कुनै पनि कोणबाट मिल्ने कुरा होईन। त्यसैले शान्ति प्रकृयासँग सम्वद्ध देशका राजनीतिक शक्तिहरुको वृहत राजनीतिक सहमति कायम गरी सोको आधारमा नीति तय गरी यी द्वन्द्वकालिन घटनाहरुबारे अब सत्यनिरुपण आयोग सम्बन्धी कानुनमा व्यापक संसोधन गरी प्रस्तुत मुद्दा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारभित्र राखी उज्जन कुमार श्रेष्ठको हत्या वा बेपत्ता सम्बन्धी यथार्थ छानबिन गरी सत्य पत्ता लगाई दोषी उपर कारवाहीको प्रकृया अघि बढाउनु पर्छ। त्यसैगरी बालकृष्ण ढुंगेललाई माओवादी भएकै कारण गरिएको पक्राउ, क्रुर यातना, लामो समयको जेलसजाय समेतका विषयमा सत्य निरुपण गरी यथार्थता पत्ता लगाई दोषी उपर कारवाही एवं पीडितलाई क्षतिपूर्तिको प्रकृया अघि बढाउँदै जनयुद्ध र जनआन्दोलनका एजेण्डाहरु स्थापित गरेपछि मात्र न्यायको अनुभुति हुनेथियो।

## कुमार्गमा सुमार्गी ...

प्रचण्डको व्यापारिक साझेदार, बिचौलिया भूमिका र रकम थन्क्याउने थलो सुमार्गी बनेको चर्चा हुन थाल्यो। प्रचण्ड र उपेन्द्र महतोको बिचौलिया पनि सुमार्गी नै रहेको चर्चा छ।

सुमार्गी गुण्डागर्दी र दादागिरी गरेर उठेका व्यापारिक पृष्ठभूमिका व्यक्ति हुन्। त्यसो त क्रसर उद्योग र जग्गा दलाली तथा ठेक्कापट्टा व्यवसाय गुण्डागर्दीमै टिकेने गरेको व्यवसाय हो। २०६५ सालमा केदारभक्त श्रेष्ठ (काठमाडौं, रविभवन) र तनहुँका किसन श्रेष्ठबाट दक्षिण कोरियाका व्यापारीहरूले १७ करोडमा रसुवा जिल्लाको सदरमुकाम धुन्चेस्थित 'हिमालयन स्प्रिङ मिनरल वाटर' नामक अत्याधुनिक बन्द अवस्थामा रहेको कारखाना किने। सो कारखाना किन्न सुमार्गी पनि लालयित थिए। झमेला बढ्दै गएपछि सुमार्गीले गुण्डा लगाएर कोरियाली मालिकलाई सांघातिक हमला गरे। सरकारले त्यसपछि प्रहरी हवल्दारसहित ३ जना प्रहरी सुरक्षार्थ खटायो तर प्रचण्डको साथ पाएका सुमार्गीको दबाब बढ्दै गएपछि सुमार्गीले ५ करोड शेयर हालेर २२ करोडको सो कारखानाको ५० प्रतिशत हिस्सा लिन सफल भए। यस्ता अनेक दृश्य-अदृश्य भऱ्याङ चढेर सुमार्गी एक दशकभित्रै रैथानी व्यापारी र उद्योगपतिभन्दा अग्ला धनाढ्य भएका छन्। सुमार्गीका एकजना कर्मचारी भन्छन्, 'त्रिपुरेश्वरदेखि मुक्ति टावरसम्म ४२ रोपनी जग्गा कसरी एक दशकमै खरिद गरे ?'

अब भने सुमार्गी अरब अरब रूपैयाँ बराबरको अवैध रकम ओसारपसार गर्ने भएका छन्। वैध प्रक्रिया नै नपुऱ्याई राजनीतिक शक्ति केन्द्रको आडमा १ अर्ब २० करोड रूपैयाँ ऋण स्वीकृत गरिदिन अनुरोध नपाल राष्ट्र बैङ्कलाई गरेको ४ वर्ष भइसकेको छ। ऋण दिने र ऋण लिने दुवै कम्पनीको विगत राम्रो नरहेको नेपाल राष्ट्र बैङ्कको ठहर छ। त्यो प्रकरणको लहरो तान्दै जाँदा सुमार्गीका थुप्रै शंकास्पद गतिविधिहरू पत्ता लागेको, स्थानीय बैङ्कहरूसँग साँठगाँठ गरेर अवैध र शंकास्पद रकम ओसारपसार गरेको रहस्य खुलेको हो। सो रकमको वैधानिकता पुष्टि गर्न सुमार्गी असक्षम भइरहेको बेला चुनावको समय पारेर सो अवैध रकमलाई वैधता दिलाउन सुमार्गीको दौडधूप चलेको स्रोतको दावी छ। नेपाल राष्ट्र बैङ्कले कानुनी प्रक्रिया पूरा नगरी ल्याएको कथित ऋण रकम स्विकृति प्रदान गर्छ कि गर्दैन ? प्रष्ट छैन तर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सुमार्गीको २० अर्ब रूपैयाँ बराबरको सम्पत्तिको छानबिन सुरु गरेको छ। सो रकमबारे अन्तिम निर्णय सरकारले गर्नुपर्ने निर्णय गरेर सुमार्गीको अवैध धन्दामा राष्ट्र बैङ्कको समेत संलग्नता रहेको आशंका गरिएको छ। प्रधानमन्त्री पदबाट राजीनामा दिनै लाग्दा सो रकम फुकुवा गर्ने प्रयास गरेका थिए तर अर्थसचिव शान्तराज सुवेदीको असहयोगका कारण प्रक्रिया अघि बढ्न सकेन। प्रचण्डसँगै सुमार्गीको पक्षमा लबिङ गर्ने एमालेभित्रका भारतपरस्त भनिने नेता विष्णु पौडेल पनि छन्। नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरू भने नेताहरूले दबाब दिए पनि स्वीकार्न नसकिने अडानमा छन्। सुमार्गी भने राजनीतिक निर्णयको पर्खाइमा छन्। प्रचण्डदेखि ओलीका निकट मन्त्रीहरूसमेत सुमार्गीको पक्षमा भित्रभित्रै दबाब बढाइरेका छन्, किन ? कतै सुमार्गीको पछाडि अवैध धन्दामा ती नेताहरू नै संलग्न त छैनन् ?

## काठमाडौं मेयरको ...

र बिचौलियाको जगजगी छ। काठमाडौं नगरीको मुटु प्रेस र शैक्षिक संस्थाको केन्द्र बागबजारको अद्वैतमार्गमै महिना दिनदेखि थुप्रिएको फोहोर उठेको छैन भने अनेत्रको अवस्था के होला ? सहजै अनुमान गर्न सकिन्छ। कर्मचारीको सेवा सुविधा निर्देशिकाअनुसार पाँचौं तहका कर्मचारीले कार्यालयको बजेटअनुसार सवारी साधन प्रयोग गर्न पाउँछन्। तर, काठमाडौं महानगरपालिका आठौं तहसम्मका कर्मचारीले सो सुविधा लिइरहेका छन्। काठमाडौं महानगरमा ३२ जनाभन्दा बढी आठौं तहका कर्मचारी कार्यरत छन्। उता महानगरका बासिन्दाको सूचनाको हक संरक्षण गर्न र जनचेतना समृद्ध गर्न चलाइएको मेट्रो एफएम घाटामा चलिरहेको छ। घाटामा धकेल्ने स्वयं त्यहाँका कर्मचारी हुन्। भ्रष्टाचार गरेर घाटामा धकेल्ने र कौडीको मोलमा आफन्तीलाई टेण्डर पारेर आफैंले कब्जा गर्ने षड्यन्त्र भइरहेको मेट्रो एफएमसम्बन्धी एकजना कर्मचारी बताउँछन्। एफएमले महानगर स्वामित्वको राष्ट्रिय सभागृहको भवन, जमिन र लोककल्याणकारी विज्ञापन उपयोग गरिरहेको छ। महानगरको अरबौं सम्पत्तिमा मेयरका आँखा गडेको जनगुनासो छ। तर महानगरबासीको सुविधामा झने कुनै काम भएको छैन।

# डीभी नामक चिट्ठा बन्द होला ?

मंगलबार अपरान्ह आइएस समर्थक विद्रोहीले साइकल र पैदलयात्रीको बाटोमा जथाभावी भाडाको मालवाहक वाहन दौडाउँदा ८ जनाको मृत्यु भएको छ। सो आक्रमण आइएस लडाकु सेफुल्लो हबिबुले भिकले गरेको बीबीसीले जनाएको छ। २९ वर्षीय आक्रमणकारीले घटनालगत्तै 'अल्लाडु अकबर' नारा लगाएको प्रत्यक्षदर्शीले बताएका छन् । न्युयोर्कमा भएको यो आक्रमणलाई सन् २००१ को सेप्टेम्बर ११ पछिको सबैभन्दा ठूलो आक्रमण भनिएको छ । संयोग कस्तो छ भने यो आक्रमण पनि ' विश्व व्यापार केन्द्र' नजिकै भएको छ। अमेरिकाले विश्वभरिका देश जनताका विरुद्ध आतंकवाद विस्तार गरिरहेको कारण त्यसको प्रतिरोध र बदलामा यस्ता आक्रमणहरू भएको ठानिन्छ । घटनामा अर्जेन्टिना, बेल्जियमलगायत नागरिकको हताहती भएको छ। निर्दोष नागरिकको हत्या निन्दनीय छ तर त्यसप्रकारको पीडादायी चक्रका पछाडि अमेरिकी सरकार नै जिम्मेवार छ । अमेरिकाले आतंकवाद विस्तार गर्ने अपराधिक विदेश नीति बन्द नगरेसम्म त्यसप्रकारका घटना रोकिने सम्भावना छैन । अमेरिकी नागरिकहरूले त्यस सम्बन्धमा सरकारलाई सरकारलाई विदेश नीति बदल्न दबाब दिनुपर्छ।

गत मंगलबार न्युयोर्कमा भएको आक्रमणसँगै संयुक्त राज्य अमेरिकाका राष्ट्रपति ट्रम्पले 'डीभी' नामक श्रमिक आपूर्ति गर्ने चिठ्ठा बन्द गर्नुपर्ने विचार सामाजिक सञ्जालमा प्रवाह गरेका छन्। आक्रमण गर्ने व्यक्ति कसरी अमेरिका प्रवेश गरे भन्ने प्रष्ट नहुँदै 'डीभी' को माध्यमबाट आतंकवाद अमेरिका प्रवेश गरेको अनुमान ट्रम्पले गरेका छन् । 'डीभी' (ग्रिनकार्ड) अमेरिकी नागरिकता सरहको कागजात हो । जसको माध्यमबाट विश्वभरका नागरिक अमेरिकामा स्थायी बासिन्दा बन्न सक्छन् । अमेरिकामा सन् १९९० देखि डीभी चिट्ठासम्बन्धी कानुन बनेको थियो । यो घटनापछि अमेरिकाको भ्रमण गर्ने विश्वभरका यात्रीहरूले थप झन्झट बेहोर्न बाध्य हुनेछन् । घटनासँगै अमेरिकामा तनाव र त्रास फैलिएको समाचार छ।

आइतबार अमेरिकाकै टेक्सासमा भएको गोलीकाण्डमा २६ जनाको मृत्यु भएको छ। स्थानीय समयानुसार बिहान ११:३० बजे उक्त घटना भएको हो। गोलीकाण्डको कारण २३ जना चर्च परिसरभित्र, २ जनाको चर्चबाहिर र १ जनाको अस्पताल लग्दै गर्दा बाटोमै मृत्यु भएको हो। सदरल्याण्ड स्प्रिङस्थित बाप्टिस्ट गिर्जाघरमा सो आक्रमण भएको थियो। उक्त समयमा श्रद्धालुहरू प्रार्थना गर्दै थिए। परमेश्वर यसुले आफ्ना भक्तजनको सुरक्षा गर्न सकेनन्। प्रहरीले घेरा हालेर आक्रमणकारीको पनि हत्या गरेको बताएको छ । अमेरिकामा यो वर्ष मात्रै १ हजारभन्दा बढी गोलीकाण्ड भएका छन् । यो पछिल्लो घटनाअघि लस भेगासको एक सांगीतिक कार्यक्रममा भएको गोलीकाण्डमा ५८ जनाको ज्यान गएको थियो ।

### अमेरिकाका ठूला हत्याकाण्डहरु

| मिति | स्थान | मर्नेको सङ्ख्या |
|---|---|---|
| सन् २००७ | भर्जिनियाँ विश्वविद्यालय, भर्जिनियाँ | ३२ जना |
| सन् २००९ | टेक्सास | १३ जना |
| सन् २०११ | न्युयोर्क, जुम्ल्याहा भवन | २९९६ जना |
| सन् २०१२ | कनेनिस्केट विद्यालय | २६ जना (२० बालबालिका) |
| सन् २०१२ | कोलोराडो, चलचित्र भवन | १२ जना |
| सन् २०१५ | ओरेगन (दुई स्थानमा) | १८ जना |
| सन् २०१५ | क्यालिफोर्निया | १५ जना |
| १२ जुन २०१६ | फ्लोरिडा ओरल्यान्डो | ५० जना |
| ६ जुलाई २०१६ | डालस | ५ जना |
| १ अक्टोबर २०१७ | लसभेगास | ५८ जना |
| ५ नोभेम्बर २०१७ | टेक्सास | २६ जना |

## पेन्सन वितरणको ...

पीपीओ स्थापना तथा नवीकरणको प्रक्रिया के हो भन्नेबारेमा पनि सरकारी निकाय अलमलमा छन् । परराष्ट्र मन्त्रालयका सहसचिव तथा दक्षिण एसिया महाशाखाका प्रमुख भृगु ढुंगाना भन्छन्, "हाम्रो काम भारतीय दूतावासबाट आउने डीएसबी र पीपीओसम्बन्धी प्रस्ताव रक्षा मन्त्रालयमा पठाइदिने हो । त्यसपछिको प्रक्रिया रक्षा मन्त्रालयले नै तय गर्छ।" उनका भनाइमा, "परराष्ट्र मन्त्रालयको काम समन्वय गरिदिने मात्र हो।" रक्षा मन्त्रालयसँग भने यस विषयसम्बन्धी आफ्नै कुनै विवरण छैन । दुई महिनाभन्दा लामो समयदेखि ताकेता गरे पनि रक्षा मन्त्रालयले डीएसबी र पीपीओबारे कुनै जानकारी दिन सकेन। 'भूकम्पपछि मन्त्रालय सरेको, कतिपय कागजपत्र पुरानै कार्यालयमा रहेको र कर्मचारीहरू नयाँ भएकाले तथ्यांक र प्रक्रियाबारे बुझ्न बाँकी नै रहेको' रक्षासचिव श्रीधर सापकोटाको भनाइ थियो।

भारतीय दूतावासले पनि यस सम्बन्धमा कुनै प्रतिक्रिया जनाउन चाहेन । नेपालस्थित भारतीय दूतावासका प्रवक्ता रुवी जसप्रित शर्माले पहिलो इमेल पत्राचारको एक सातापछि १३ डिसेम्बर २०१६ मा भेट्न बोलाइन् । भेटका क्रममा उनले थप प्रष्टतासहित पत्राचार गर्न भनिन् । नेपाली भूमिका कति वटा डीएसबी र पीपीओ छन्, बैंकबाटै पेन्सन वितरण गर्न सकिने अवस्थामा किन डीएसबी र पीपीओ थप्न खोजिएको हो जस्ता प्रश्नसहित पटकपटक इमेल गर्दा पनि दूतावासले कुनै प्रतिक्रिया जनाएन।

बुटवलमा पेन्सन वितरण कार्यालय स्थापनाका लागि ताकेता गरिरहेको भारतको बुटवलकै डिस्टिक सोल्जर बोर्डको नवीकरण पनि २४ अगस्ट २०१३ देखि विचाराधीन छ। आईईडब्ल्यूओएनको चौबीसौँ सम्मेलनका लागि तयार पारिएको दस्तावेजअनुसार, यस सम्बन्धमा २३ अगस्ट २०१२, ५ डिसेम्बर २०१३, १ डिसेम्बर २०१४ र १ सेप्टेम्बर २०१५ मा पनि मौखिक रूपमा चासो जनाइएको थियो । त्यसैगरी ३१ डिसेम्बर २०१५ मा धरान र पोखराको पेन्सन वितरण कार्यालयको जग्गा सम्झौताको अवधि बढाउन लिखित पत्राचार गरिएको थियो।

३ सेप्टेम्बर २०१५ मा सैनिक सहचारी मानराजसिंह मानले नेपाल सरकारले बुटवलस्थित डीएसबीका लागि २१ फेब्रुअरी २००३ मा १.१४.५ बिघा जग्गा २४ अगस्ट २०१३ सम्म (१० वर्ष) का लागि उपलब्ध गराइएको उल्लेख गर्दै सम्झौताको अवधि सकिएकाले पुरानै नियम र शर्तमा थप १० वर्षका लागि नवीकरणका लागि पत्राचार गरेका छन्। पत्रअनुसार यसअघि २३ अगस्ट २०१३, ५ डिसेम्बर २०१३ र १ डिसेम्बर २०१४ मा पनि यस सम्बन्धमा आग्रह गरिएको उनले उल्लेख गरेका छन्।

भारतीय मागअनुरूप गिरिजाप्रसाद कोइराला (स्व) नेतृत्वको तत्कालीन सरकारको १३ कात्तिक २०६३ को मन्त्रिपरिषद् बैठकले कोहलपुर (बाँके), वालिङ (स्याङ्जा) दिक्तेल (खोटाङ), बेशीसहर (लम्जुङ), टीकापुर (कैलाली) र गोरखामा गरी १० वर्षका लागि ६ वटा डीएसबी स्थापनाका लागि दिएको अनुमतिको पनि म्याद कटिसकेको छ । यसको अर्थ हाल कतिपय डीएसबी र पीपीओहरू नवीकरणविनै संचालनमा छन्। भारतले डीएसबीका लागि सेक्रेटरी, सुपेरीटेन्डेन्टरहेड क्लर्क, वेलफेयर अर्गनाइजरसहित ७ जना कर्मचारी राख्ने सम्बन्धमा पनि स्वीकृति मागेको छ। कति डीएसबी र पेन्सन क्याम्प नवीकरण विनै चलिरहेका छन्, त्यस्ता संरचनामा को बस्छन् भन्ने कुनै आधिकारिक विवरण सरकारी निकायसँग छैन।

### बैंक होइन नगदमै पेन्सन

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय स्वतन्त्रता दिवसको अवसरमा १५ अगस्ट २०१४ मा 'जनधन योजना' को घोषणा गर्दै सन् २०१८ भित्रै ७५ लाख भारतीय घर-परिवारका कम्तीमा दुई जना सदस्यको बैंक खाता खोलिसक्ने जनाएका थिए । तर नेपालमा रहेका पूर्वसैनिकलाई पेन्सन वितरणका लागि भन्दै डीएसबी र पीपीओजस्ता संरचना विस्तारमा जोड दिनुपछाडिको भारतीय उद्देश्य के हो ? जानकारहरूका अनुसार नेपाली भूमिमा आफ्नो प्रभाव विस्तार गर्ने उद्देश्यले भारतले डीएसबी र पीपीओको संख्या बढाउन चाहेको हो। भारतीय सेनामा मेजर रहिसकेका सुरक्षा मामिलाका जानकार दिनकर नेपालका अनुसार, "पेन्सन बाँड्नकै लागि डीएसबी र पीपीओजस्ता संरचना आवश्यक छैन। नेपाली भूमिमा आफ्नो उपस्थिति बढाउन मात्र भारतले यस्ता संरचना बढाउन खोजेको हुन सक्छ।" पूर्व रक्षासचिव ईश्वरीप्रसाद पौड्यालका अनुसार, "बैंकबाटै पेन्सन वितरण गर्न सकिने अहिलेको अवस्थामा डीएसबी र पीपीओको विस्तार गरेर भारतले अन्य केही निगरानी गर्न खोजिरहेको हो कि भन्ने आशंका उब्जाएको छ।"

रक्षा मन्त्रालयका एक पूर्वसचिवका अनुसार एक लाख २६ हजार पूर्व गोर्खा सैनिकका परिवारसँग प्रत्यक्ष जोडिन र उनीहरूमा तिम्रा लागि हामी नै सबैथोक हौँ भन्ने सन्देश दिन पनि भारत यस्ता संरचना बढाउन लागिपरेको हुन सक्छ। "कर्मचारी संयन्त्रबाट हामीले जग्गा उपलब्ध गराउनेलगायतका कार्यका लागि अन्य मन्त्रालयसँग पनि समन्वय गर्नुपर्छ भन्दै टार्दै आएका छौँ । तर, राजनीतिक नेतृत्वको कमजोरीका कारण यस्ता संरचना थपिँदै गएका छन्", ती पूर्व रक्षासचिव भन्छन्।

गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागका पूर्वअतिरिक्त मुख्य अनुसन्धान निर्देशक देवराज भट्ट भन्छन्, "नेपाललाई आफ्नो प्रभाव क्षेत्रबाट बाहिर जान नदिने भारतीय परराष्ट्र नीतिअनुरूप नै उसले डीएसबीजस्ता संरचना बढाउँदै लगेको हो । हाम्रो राजनीतिक नेतृत्वले यससम्बन्धमा सजगता अपनाउनुपर्छ ।" उनका अनुसार सांस्कृतिक केन्द्र, पुस्तकालय, अस्पताल, शैक्षिक संस्थामार्फत् पनि भारतले आफ्नो प्रभाव विस्तार गर्दै गइरहेको छ।

द्विपक्षीय व्यापार सहजीकरणका लागि भन्दै वीरगन्जमा २०६० सालमा महावाणिज्य दूतावास स्थापना गरेको छ, भारतले । जहाँ करिब ५० कर्मचारी छन्। २ जेठ २०६९ मा प्रमुख राजनीतिक शक्तिबीच ११ प्रदेशमा सहमति भएको भोलिपल्टै वीरगन्जस्थित महावाणिज्य दूतको कार्यालयका राजनीतिक मामिला हेर्ने कन्सुलर एसडी मेहताले मध्य तराईका राजनीतिक दलहरूलाई आन्दोलन गर्न उक्साएका थिए। वीरगन्जस्थित भिस्वा होटलमा ३ जेठमा पर्सा र बारा जिल्लाका कांग्रेस, एमाले, मधेशसम्बद्ध दलका नेताहरूलाई दिइएको भोजमा उनले ११ प्रदेशका विरूद्ध १४ जेठअघि नै मधेशमा आन्दोलनको आँधीबेहरी ल्याउनुपर्नेमा जोड दिँदै भनेका थिए, "मधेशलाई टुक्रा गर्दा मलाई आफ्नै कलेजो टुक्रा पारे जस्तो अनुभूति भइरहेको छ। तपाईंहरूलाई केही हुँदैन ?"

बेलायती सेनामा काम गरिरहेका पूर्व गोर्खाका लागि बेलायतले के गरेको रहेछ भनेर हामीले जान्न खोज्यौँ । नेपालस्थित बेलायती दूतावासले हामीले जिज्ञासा राखेको पाँच दिनभित्रै विवरण पनि उपलब्ध गरायो । उपलब्ध विवरण अनुसार, नेपालमा बेलायती सेनामा काम गरिसकेका पूर्व गोर्खा सैनिक र बेलायतको रक्षा मन्त्रालय मातहत काम गरेका सहित २५ हजारभन्दा बढी पेन्सनर छन्। परराष्ट्र मन्त्रालय युरोप शाखाका उपसचिव भरत रेग्मीले उपलब्ध गराएको तथ्यांकअनुसार पूर्व गोर्खा सैनिकका लागि पेन्सन तथा अन्य कल्याणकारी काम गर्न बेलायतले पनि काठमाडौँ, पोखरा र धरान गरी तीन स्थानमा पेन्सन वितरण कार्यालय र २१ स्थानमा 'एरिया वेलफेयर सेन्टर' स्थापना गरेको छ। बेलायती रक्षा मन्त्रालयको वेबसाइट (http://www.army.mod.uk/gurkhas/27900.aspx) का अनुसार ६९ प्रतिशत गोर्खा भूतपूर्व सैनिकको पेन्सन बैंक खातामा दाखिला गरिन्छ । २० प्रतिशतले पेन्सन वितरण कार्यालय र बाँकी ११ प्रतिशतले एरिया वेलफेयर सेन्टरमार्फत पेन्सन बुझ्छन्। "कुनै प्रकारको ठगीबाट जोगिन र पेन्सन वितरण कार्यालयमा घण्टौँ लाइनमा बस्न नपरोस् भनेर सबैलाई बैंक खातामार्फत पेन्सन लिन प्रोत्साहित गरिएको छ", बेलायती रक्षा मन्त्रालयको वेबसाइटमा उल्लेख छ।

बेलायतको नेपालस्थित एरिया वेलफेयर सेन्टर गोर्खा भूतपूर्व सैनिक संघका सदस्यहरूले संचालन गरिरहेका छन् । बेलायत सरकारबाट सञ्चालित ब्रिटिश गोर्खा वेलफेयरको सेन्ट्रल कोअर्डिनेसन समितिको अध्यक्ष नेपालकै रक्षा सचिव हुन्छन्। पूर्व रक्षासचिव तथा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त नवीन घिमिरेका अनुसार बेलायतले एरिया वेलफेयर सेन्टरमार्फत संचालन गर्ने कल्याणकारी कार्य पनि रक्षासचिव अध्यक्ष रहने समितिले नै गर्छ तर आईईडब्ल्यूओएनको अध्यक्ष भने भारतीय राजदूत हुन्छन् । सहसचिव सरहका भारतीय राजदूतको अध्यक्षता हरेक वर्ष हुने आईईडब्ल्यूओएनको सम्मेलनमा रक्षासचिव आमन्त्रित सदस्यका रूपमा सहभागी हुने गरेका छन्। आईईडब्ल्यूओएनको अध्यक्ष पनि रक्षासचिव नै हुनुपर्ने नेपाली पक्षको मागलाई भने भारतले कहिल्यै रूचाएन।

> गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागका पूर्वअतिरिक्त मुख्य अनुसन्धान निर्देशक देवराज भ  भन्छन्, "नेपाललाई आफ्नो प्रभाव क्षेत्रबाट बाहिर जान नदिने भारतीय परराष्ट्र नीतिअनुरूप नै उसले डीएसबीजस्ता संरचना बढाउँदै लगेको हो । हाम्रो राजनीतिक नेतृत्वले यससम्बन्धमा सजगता अपनाउनुपर्छ ।" उनका अनुसार सांस्कृतिक केन्द्र, पुस्तकालय, अस्पताल, शैक्षिक संस्थामार्फत् पनि भारतले आफ्नो प्रभाव विस्तार गर्दै गइरहेको छ ।

### बिर्सन नमिल्ने विगत

नेपाली सेनाको इतिहास, २०६९ को पाँचौं अध्याय 'नेपाली सेनाको पुनःनिर्माण र आधुनिकीकरण' (पृष्ठ २५९-४०८) का अनुसार तत्कालीन सरकारका प्रधानमन्त्री मोहनशमशेर जबरा, अर्थमन्त्री सुवर्ण शमशेर, गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालालगायत अन्य पदाधिकारीहरू भारतीय सरकारसँग आपसी सहयोगका लागि सरसल्लाह गर्न २५ वैशाख २००८ मा दिल्ली गए। विभिन्न चरणमा भएका भेटवार्तापछि २ जेठ २००८ का दिन दुवै पक्षबीच ४५ मिनेटसम्म संयुक्त बैठक बस्यो। सोही वार्ताका क्रममा अन्य विषयका साथै नेपाली सेनाको आधुनिकीकरणमा भारत सरकारको सहयोगबारे पनि प्रारम्भिक छलफल भएको थियो।

१ मंसिर २००८ मा मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा मन्त्रिमण्डल गठन भयो। २३ देखि २७ पुस २००८ सम्म प्रधानमन्त्री कोइरालासहित ६ मन्त्रीले दिल्लीमा राजनीतिक भेटघाटका क्रममा भारतीय नेतासँग एउटा सिभिल सल्लाहकार र एउटा सैनिक मिसन नेपाल पठाइदिन आग्रह गरेका थिए। डा. केआई सिंहको नेतृत्वमा रक्षा दलले विद्रोह गरेपछि भारतीय सैनिकको नेपाल प्रवेशका लागि वातावरण झनै सहज भयो। २००७ सालको क्रान्तिका लागि हातहतियार दिई भर्ना गरिएका नेपाली कांग्रेसका मुक्ति सेनाका जवानलाई सिंहदरबारमा रक्षा दलको नाममा मुख्यालय बनाई राखिएको थियो। २००७ सालको दिल्ली सम्झौताको विरोधमा रहेका डा. सिंहलाई २६ साउन २००८ मा बुटवलबाट पक्राउ गरी रक्षा दलकै पहरामा बन्दी बनाई सिंहदरबारमा राखिएको थियो।

८ माघ २००८ राति डा. सिंहको नेतृत्वमा रक्षा दलले विद्रोह गऱ्यो । विद्रोहीले राजधानीको बारुदखाना, तोपखाना, बन्दूकखाना र अन्य प्रमुख स्थान कब्जामा लिएका थिए । गृष्मबहादुर देवकोटाको पुस्तक नेपालको राजनीतिक दर्पण (२०३६), पृष्ठ ६१-६२ का अनुसार यो घटनालगत्तै १४ माघ २००८ मा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र मन्त्रीहरू दिल्ली गएर भारत सरकारसँग नेपाली राष्ट्रिय सेनाको पुनःनिर्माणमा सैनिक सहयोग गर्न आग्रह गरे।

२७ फागुन २००८ मा भारतीय सेनाका मेजर जनरल वाईएस परान्जपेको नेतृत्वमा ८ जना सैनिक अधिकारी सम्मिलित शिष्टाचार मण्डल नेपाल आएको थियो । उनीहरूसँगको छलफलपछि नेपाल सरकारले भारतीय सेनाका २० जना अधिकृत र उनीहरूका स्टाफसहितको सैनिक टोली निम्त्याउने निर्णय गऱ्यो । उक्त सैनिक टोलीले एक वर्ष वा त्यसभन्दा पनि चाँडो नेपाली सेनाको शिक्षा, तालीम र पुनःसंगठनको योजना चालू गराउन नेपाली सेनाका अधिकृतलाई सघाउने निर्णय भएको थियो।

३ वैशाख २००९ मा भित्रिएको भारतीय सैनिक मिसनमा २० अधिकृत, १७ जुनियर अधिकृत र १२० सिपाही गरी १५७ जना थिए। यसबाहेक काठमाडौँको गौचर हवाई मैदान बनाउन पाँच अधिकृतसहित १४५ जनाको छुट्टै टोलीसमेत नेपाल आएको थियो। २००९ को शुरूमै बढीमा एक वर्षका लागि आएको भारतीय सैनिक मिसन २०१५ सम्मै रह्यो । ७ साउन २०१५ को नेपाल आर्मी अर्डर नम्बर २१३१/१५ अनुसार १ साउन २०१५ मा मात्र भारतीय सैनिक मिसन फर्कियो । त्यसमध्येको एउटा सानो टोली भारतीय सैनिक प्रशिक्षण सल्लाहकार दलको नामले नेपालमै रह्यो । १७ मंसीर २०२० को रक्षा मन्त्रालयको पत्र संख्या ए/१-च/३/२४/०२०/२१ क २३३१ अनुसार समयक्रममा सल्लाहकार दलको नाम परिवर्तन भई इन्डियन मिलिटरी स्टोर्स लियाजो ग्रूप (आईएमएसएलजी) हुँदै २०२० सालमा इन्डियन मिलिटरी लियाजो ग्रुप (आईएमएलजी) रहन गयो।

पूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टका अनुसार २०२६ सालसम्म चीन-तिब्बतको नेपालसँग जोडिएको उत्तरी सिमानामा १६ वटा चौकी नै स्थापना गरेको थियो भारतीय फौजले । राजधानी काठमाडौँलाई आधार बनाएर त्यो भारतीय फौज नेपालको उत्तरी सिमानामा परिचालित थियो। त्यसमार्फत भारतले अमेरिकाको समेत सहयोगमा चीनविरूद्ध सुराकी गर्थ्यो । "सन् १९६२ को चीन-भारत युद्धताका त त्यसरी उत्तरी सीमामा तैनाथ भारतीय फौजको सक्रियता उदेकलाग्दो थियो । मेरै प्रधानमन्त्रीकालमा ती चौकीहरू हटाउने निर्णय गरिएको हो", २०६४ असोजमा पूर्वप्रधानमन्त्री बिष्टले भनेका थिए, "भारतीय सुरक्षा फौजको उपस्थितिले एकातिर नेपालको सार्वभौमसत्तामाथि आँच पुऱ्याइरहेको थियो भने अर्कोतर्फ अर्को छिमेकी मुलुक चीनलाई चिढ्याउने काम गरिरहेको थियो । त्यससँगै २०२६ सालमा भारतीय सेनाको लियाजो ग्रुपको कार्यालय पनि बन्द गरी उनीहरूलाई फिर्ता पठाइयो।"

जुनसुकै प्रयोजनका लागि आए पनि काम सकिएपछि समेत किलो गाडेर बस्न चाहने भारतीय रवैयाको पछिल्लो उदाहरण हो, विराटनगरस्थित फिल्ड अफिस। भारतले नेपाल सरकारको आदेशको अवज्ञा गर्दै ८ वर्षदेखि विराटनगरमा फिल्ड अफिस संचालन गर्दै आएको छ । २०६५ भदौमा पूर्वी नेपालमा आएको बाढीपहिरोले कोसी नदीमाथिको नियमित सडकमार्ग भत्काएको थियो । त्यसपछि सवारी आवागमन सहजीकरणका लागि बिहार हुँदै नेपाल छिर्नुपर्ने अवस्था आइपरेको थियो। भारतीय दूतावासले पूर्व-पश्चिम यातायात आवागमनका लागि रुट पर्मिट दिन भन्दै विराटनगरमा फिल्ड अफिस खोलेको हो। जुन अहिले कूटनीतिक सम्पर्क कार्यालयको रूपमा छ । भारतले सो कार्यालय बन्द नगर्ने स्पष्ट पार्दै त्यसको साटो 'रेसिप्रोकल' आधारमा भारतका कुनै सहरमा नेपाली कन्सुलर अफिस खोल्न अनुमति दिन सकिने जनाएको छ।

माओवादी केन्द्रका वरिष्ठ नेतासमेत रहेका श्रेष्ठले आफू पूर्वपरराष्ट्रमन्त्री छँदा जुन प्रयोजनका लागि सो कार्यालय स्थापना भएको हो, त्यसको आवश्यकता सकिएकाले बन्द गर्न निर्देशन दिए पनि भारतले अटेर गरेको बताए । आफूले यस सम्बन्धमा उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा पनि पटकपटक कुरा उठाएको उनको भनाइ छ । श्रेष्ठका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणका बेला काठमाडौँमा उनको उपस्थितिमा भएको सर्वदलीय बैठकमा पनि कार्यालय बन्द गरिनुपर्नेमा उनले जोड दिएका थिए।

तर, भारतीय राजदूत रणजित रायले विराटनगर पुगेर 'यो कार्यालय बन्द गर्ने योजना नारायणकाजीको मात्र हो, नेपाल सरकारको होइन' भनेर आफूप्रति टिप्पणी समेत गरेको उल्लेख गर्दै श्रेष्ठले भने, "नेपाली भूमिमा आफ्नो प्रभाव विस्तार गर्दै हाम्रो राष्ट्रियतालाई संकुचनमा पार्ने त भारतीय नीति नै हो तर सरकारले कार्यालय बन्द गर्न आदेश दिंदासमेत त्यसको अवज्ञा गर्नु भनेको नेपालको सार्वभौमिकतालाई नै अस्वीकार गर्नु हो ।" एक वरिष्ठ सुरक्षा अधिकारीका अनुसार नेपाली भूमिमा आफ्ना संरचना विस्तार गर्ने र प्रयोजन सकिएपछि पनि रहिरहन चाहने भारतीय रणनीति नै हो । ती सुरक्षा अधिकारीले भने, "त्यसैले इतिहासलाई समेत स्मरण गर्दै सरकार र राजनीतिक दलहरू भारतको फैलँदो रक्षा सञ्जालबारे सचेत हुनैपर्छ।"

स्रोत : www.cijnepal.org.np

# सिर्जनामा रूप र अन्तर्वस्तु


अनिल शर्मा

मान्छे कल्पनाशील प्राणी हो । कल्पनाको उडान र भावनाको गडगडाहट मानवजातिको प्राण हो । कल्पनाको क्रममा नयाँ विचारहरू उठिरहन्छन् । उसले अनेक आशा, अपेक्षा र सपना देखिरहन्छ । मान्छेले आफ्ना भावनाहरू अरूसँग पोख्न चाहन्छ र त्यसो गर्न सक्दछ । भावनाहरू बोलेर, लेखेर, सङ्केत गरेर, ध्वनि तथा रेखाचित्र आदिद्वारा गर्न सकिन्छ । भङ्गीमा 'बडी ल्याङ्वेज' अभिनय, रूपरङ, भेषभूषा, हेराइ, बोलाइ, रुवाइ, हाँसो आदि अनेकौँ तरिकाले पनि भाव प्रकट गर्न सकिन्छ । कलम, कागज र मसीको आविष्कारपूर्व भाव प्रकट गर्ने मुख्य माध्यम हुन्थ्यो । लोक-साहित्यको रूपमा वाणी रहेको मानवजातिको ज्ञान भण्डार त्यसको उदाहरण हो । लोकवाणी समय बित्दै जाँदा विस्मृत हुने, अपभ्रंश हुने, अनेकार्थी हुने वा विकृत बन्ने सम्भावना रहन्छ । अझ यसो भन्न सकिन्छ कि वाणीमा मात्र सीमित भाव अमूर्त र तरल रहन्छ । त्यही समस्या समाधानको कठीन, निरन्तर र उच्च विकासको क्रममा नै कागज, अक्षर, कलम र छापाखाना हुँदै तरङ्ग माध्यम तथा सुसाङ्ख्य 'कम्प्युटर' को विकास भएको छ । लेख्य-माध्यमको विषयमा नेपालीभाषी साहित्यकार कृष्णप्रसाद पराजुली भन्छन्, "बोलेर भन्दा लेखेर भाव प्रकट गर्ने परिपाटीले विचार वा भावनालाई मूर्त रूप दिने मात्र होइन, स्थायित्व पनि प्रदान गर्छ ।"१ बोलेका कुरालाई लेख्य रूप दिंदा रचना बन्दछन् । संसारका महान् नेताहरूले विभिन्न समयमा बोलेका कुराहरूलाई पछि उपयुक्त समयमा लेख्य रूप दिएर महान् रचना बनाइएको छ । माओ त्से तुङको 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' यसको बलियो प्रमाण हो । वाणीलाई रचनाको रूप दिनुभन्दा पहिलोपटक नै रचना गर्ने लेख्य-माध्यम अहिले बढ्दै गएको छ । लेखोटका रूप रङ्ग पनि अनेक छन् । यसरी बोलेर या लेखेर लिपिबद्ध भाव प्रकट गर्ने प्रक्रियालाई 'रचना' भनिन्छ । चलनचल्तीमा भने लेखेर भाव प्रकाशन गर्ने विधिलाई रचना भनेर बुझ्ने गरिन्छ । सुन्दर र समृद्ध रचनाका लागि अनुकूल वातावरण, तीव्र इच्छाशक्ति, गहन ज्ञान र साधना आवश्यक हुन्छ । सुन्दर र सफल लेखकले निम्न विषयमा ध्यान दिनैपर्छ -

अन्तर्वस्तु (विचार पक्ष) : कला-साहित्यमा विचार र रूपमध्ये कुन मुख्य भन्ने विषयमा चिन्तकहरूका बीचमा एकरूपता देखिन्न । धेरैजसो आदर्शवादी-उत्तरआधुनिकतावादीले रूप (कला पक्ष) मा जोड दिने गरेका छन् । तर पुँजीवादी धाराका कतिपयले विचारविहीन कलाको जनपक्षधरता र उपयोगिताका विषयमा प्रश्न उठाउने गरेका छन् । प्रगतिवादले रचनामा विचारपक्षलाई मुख्य कसीका रूपमा मान्छ तर त्यसको अर्थ कला (रूप) पक्षको भूमिकालाई न्यूनीकरण गर्छ भन्ने होइन । विचारहीन रचना खोटो मोहरजस्तै हो । हामी रसिलो र पोषिलो (विचार पक्ष) दुबै चाहन्छौँ । तसर्थ साहित्यमा विचार र कला कुन प्रधान भन्ने बहस नै निरर्थक छ । एउटा पक्ष कमजोर हुनासाथ सिर्जना कमजोर हुन्छ ।

प्रगतिवादले सार पक्षमा जोड दिन्छ भन्नुको अर्थ रूपपक्षलाई अस्वीकार गर्नु होइन । खासखास अवस्थामा विचार र राजनीतिलाई साहित्य र कलाले निर्णायक प्रभाव पार्न सक्दछन् । फ्रेडरिक एङ्गेल्सले स्टारकेनवर्गलाई लेखेको चिठीमा भनेका छन् "राजनीति, कानुनी, दार्शनिक, धार्मिक, साहित्यिक, कलात्मक आदि विषयको जग आर्थिक विकास हो तर यी सबैको एकअर्कामाथि प्रभाव पर्दछ र आर्थिक आधारमाथि पनि तिनको प्रभाव पर्दछ । आर्थिक आधार एकमात्र तत्व हो र शेष सबैको प्रभाव निष्क्रिय हुन्छ भन्ने होइन । आर्थिक अवस्थाको आधारमा यी सबैको एकअर्कामाथि प्रभाव पर्दछ र अन्ततोगत्वा यो आर्थिक आवश्यकताले आफूलाई मान्न बाध्य पार्दछ ।" यसबाट प्रस्ट हुन्छ कि रूपपक्ष अन्तर्वस्तुको निष्क्रिय छाया मात्र होइन । रूपपक्षले अन्तर्वस्तुलाई नै प्रभाव पार्न सक्दछ । अन्तर्वस्तु र रूपका बीचमा अन्योन्यक्रिया चलिरहन्छ । अन्तर्वस्तु र रूपपक्षका विषयमा चिन्तक रामविलास शर्मा भन्छन्, "जुन साहित्यले मनुष्यद्वारा मनुष्यको उत्पीडनलाई लुकाउँछ, संस्कृतिका रङ्गीविरङ्गी ओढ्ने बनाएर त्यसलाई ढाक्न चाहन्छ, त्यो प्रचारक नदेखिएर पनि वास्तवमा प्रतिक्रियावादको प्रचारक हुन्छ । जुन साहित्यले यथार्थ जीवनको यस सत्यलाई अभिव्यक्त गर्दछ, त्यो वास्तवमा गम्भीर साहित्य हुन्छ र मनुष्यको हृदयमा रस सृष्टि गर्नुका साथै त्यसलाई विकासको प्रेरणा पनि प्रदान गर्दछ ।" अन्तर्वस्तुप्रतिको बेवास्ता साहित्यमा शोषकवर्गीय पक्षधरताको परिणाम हो । त्यो शोसक, उत्पीडकवर्गीय प्रचार साहित्य हो । 'कला कलाका लागि' नारा दिएर कुलीनवर्गको लुटको स्वर्गप्रति जनमत निर्माण गर्ने कुटिल चाल हो ।

साहित्यमा सर्जकले विचार प्रवाह गर्दा निम्न कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ -

विचारलाई नदोहोऱ्याईकन सिधा, प्रस्ट राख्नुपर्छ ।

जिब्रो चपाएर अर्धसत्य राख्नुहुँदैन ।

तथ्यको आधारमा बलिया तर्कहरू अघि सार्नुपर्छ ।

लेखनमा पक्षधरता स्पष्ट खुल्नुपर्छ ।

विचारप्रवाह शृङ्खलाबद्ध हुनुपर्छ ।

मानव-ज्ञान, वर्गसङ्घर्ष, उत्पादनका लागि सङ्घर्ष र वैज्ञानिक प्रयोगको क्रममा समृद्ध हुँदै आएको छ । मानव-जीवनका समस्या र गाँठाहरू फुकाउन सहयोग नगर्ने, अग्रगामी चेतना नहुने, गतिहीन, अन्धविश्वासी, पछौटे रचना सुन्दर रचना हुन सक्दैन ।

अन्तर्वस्तु (विचार पक्ष) : कला-साहित्यमा विचार र रूपमध्ये कुन मुख्य भन्ने विषयमा चिन्तकहरूका बीचमा एकरूपता देखिन्न । धेरैजसो आदर्शवादी-उत्तरआधुनिकतावादीले रूप (कला पक्ष) मा जोड दिने गरेका छन् । तर पुँजीवादी धाराका कतिपयले विचारविहीन कलाको जनपक्षधरता र उपयोगिताका विषयमा प्रश्न उठाउने गरेका छन् । प्रगतिवादले रचनामा विचारपक्षलाई मुख्य कसीका रूपमा मान्छ तर त्यसको अर्थ कला (रूप) पक्षको भूमिकालाई न्यूनीकरण गर्छ भन्ने होइन । विचारहीन रचना खोटो मोहरजस्तै हो । हामी रसिलो र पोषिलो (विचार पक्ष) दुबै चाहन्छौँ । तसर्थ साहित्यमा विचार र कला कुन प्रधान भन्ने बहस नै निरर्थक छ । एउटा पक्ष कमजोर हुनासाथ सिर्जना कमजोर हुन्छ ।

भाषा - रचनाको अभिव्यक्ति भाषाको माध्यमबाट हुन्छ । भङ्गीमा, आशय तथा साङ्केतिक रूपमा पनि भाव प्रकट हुन्छ । मनोभाव व्यक्त गर्ने बोधगम्य ध्वनि समूह तथा लिखित अक्षरहरूको समूह नै भाषा हो । अर्थबोध नहुने शब्द समूह भाषा होइन । चराचुरुङ्गी, पशु तथा निर्जीव पदार्थहरूको घर्षणबाट पैदा हुने अनन्तः ध्वनि समष्टि भाषा होइन । कतिपय भाषाहरू बोलीमा मात्र छन् भने कतिपय बोलिने र लेखिने दुबै छन् । अक्षरहरूको विकास नभएको वा लोप भएका भाषाहरू बोलिन्छन् मात्र । त्यसैले बोलिने भाषालाई 'कथ्य भाषा' र लेखिने भाषालाई 'लेख्य भाषा' भनिन्छ । भावनाशील मानवजातिको सभ्यता र विकासमा भाषाको ठूलो हात छ । मानवजातिले आर्जन गरेको अपार ज्ञानको भण्डार भाषाको माध्यमबाट प्रचार र रक्षा हुन्छ । विचार र कलाको अभिव्यक्ति र रक्षा पनि भाषाबिना सम्भव छैन । सुन्दर रचनाका लागि सुन्दर भाषा अनिवार्य हुन्छ ।

सुन्दर रचनाका लागि सुन्दर भाषा आवश्यक छ । वाक्यहरू लामा लामा र ठूलाठूला ढुङ्गा र खाल्डाखुल्डी भएको बाटो जस्तो अशुद्ध र भद्दा हुनुहुँदैन । भाषा हिमनदीझैँ सलल बगेको हुनुपर्छ । रचनाको मूलभाषा कुन हो सम्भव भएसम्म त्यही भाषाका शब्दहरू प्रयोग गर्नुपर्छ । लेखक भाषाको जनक र विकासकर्ता पनि हो । उसले नयाँ शब्दहरूको आविष्कार पनि गर्न सक्छ । मूलभाषामा शब्दहरूको अभाव भयो भने नजिकका भाषाबाट पैँचो लिन सकिन्छ । छिमेकीको घरमा नगई पल्लो गाउँमा आगो माग्न जानु राम्रो कुरा होइन । नेपाङ्ग्रेजी, हिङ्लिसजस्ता विकृतिहरू बढ्दै जानु समाजको आम मनोविज्ञान नै विकृत हुनुको सङ्केत हो ।

संसारका कुनै पनि महान् लेखकले जुन मूलभाषामा रचना गरे, त्यसै भाषाका शब्दहरू होसियारीपूर्वक प्रयोग गरेका छन् । रचनाको मूल भाषाका शब्दहरूको अभाव भएमा नजिकका भाषाबाट लिने गरिन्छ । त्यो पनि नभएमा नयाँ शब्दहरू सिर्जना गर्ने गरिन्छ । जस्तै, इमेललाई 'जालस्थल' शब्द प्रयोग गर्ने गरिन्छ । मौलिकताको नाममा प्रचलनबाट लेख्य भाषा लगातार अलग भयो भने त्यो भाषा लोप हुने खतरा रहन्छ । लेख्य-भाषा र व्याकरणले भाषालाई विकृत हुनबाट रोक्ने मात्र होइन, जनप्रिय भइरहने प्रश्नमा पनि सचेत हुनुपर्छ । जस्तै, हिन्दीभाषीहरूले मौलिकताको नाममा रेललाई 'लोहापथगामिनी' तर त्यो शब्द बहिष्कृत भयो । सुन्दर भाषाका लागि निम्न कुरामा ध्यान दिनुपर्दछ ।

शब्दहरूको शुद्ध प्रयोग

शुद्ध र चलनचल्तीका उखान टुक्का

ठीक र शुद्धविराम चिन्ह, विभक्ति, संयोजन चिन्हको प्रयोग

वाक्यहरू नजोडाउने

मर्यादित शब्द चयन

विदेशी र बाहिरी शब्दहरूबाट मूल भाषाको बचाउ

नाम, सर्वनाम, काल, विभक्ति, क्रियापदको उचित तालमेल आदि

रूप (कलापक्ष) - छाँट मिलेको भेषभूषा र कोरीबाटीले मान्छे सुन्दर देखिएजस्तै उच्च कलाले रचना सुन्दर बन्छ । रचनाको शैली मधुरता, प्रतीक, बिम्ब, कौशल, नाटकीयता, द्वन्द्व, उतारचढाव आदि कलापक्ष हुन् । शब्द गठन कलाको अर्को महत्वपूर्ण पाटो हो । विचार र भावनालाई व्यक्त गर्ने ढङ्ग र ढाँचा नै शैली हो । सिकारु लेखकका रचनामा निकटका अग्रजहरूका प्रभावहरू देखिन सक्दछन् तर कलम माझिँदै गएपछि लेखनमा निखारपन आउँछ र मौलिक शैलीको विकास हुन्छ । माझिएको कलमका रचनाहरू हेर्नासाथ त्यो रचना कसले लेखेको हो भन्न सकिन्छ । त्यसैले सुन्दर रचनाको लागि मौलिक शैली आवश्यक हुन्छ । आलङ्कारिक शब्द छनोट र ओजपूर्ण अभिव्यक्ति सुन्दर रचनाको अपेक्षित तत्व हो । सरल र सम्प्रेषणीय प्रस्तुति संवादात्मक शैली, नाटकीयता, खुलस्त र सिधा भावाभिव्यक्ति यसका गहना हुन् । शैली रचनाकारको गहना हो ।

रचनाको प्रस्तुतिमा मधुरता, सुन्दर रचनाको अर्को गुण हो । मिजाजिला, कर्णप्रिय या श्रुतिमय ढङ्गले पनि हरेकखालका भावना व्यक्त गर्न सकिन्छ । वरिष्ठ लेखक तथा टिप्पणीकार खगेन्द्र सङ्ग्रौलाले भनेझैँ 'सानो स्वरमा ठूलो कुरा भन्ने कि ठूलो स्वरमा सानो कुरा भन्ने' भन्ने चुनौती रचनाकारमा रहन्छ । भाषिक माधुर्यले पाठकको हृदयमा जादूगरी मोहनी लगाएर आफूसँगै हिंडाउन सक्नु उच्च कलात्मक पारख हो ।

कलात्मक अभिव्यक्तिका लागि चामत्कारिक भाषिक बनोट आवश्यक हुन्छ । बिम्ब, प्रतीक र उपमाको प्रयोगले भाषालाई चामत्कारिक जादूमय बनाउँछ । छरितो, धारा प्रवाह, गतिशील प्रवाहको समुचित व्यवस्थापन र बुनोटले रचनाको भाषा चामत्कारिक बनाउन सकिन्छ । सपनाको शीर्षक, उपशीर्षक, खण्ड, उपखण्ड, थालनी, व्याख्या, सारांश, निचोड आदि सुरुदेखि अन्तसम्मका सबै अङ्गहरूका बीचमा गहिरो सम्बन्ध रहनुपर्दछ । शीर्षक पूर्वतिर र व्याख्या पश्चिमतिर फर्केको हुनुहुन्न । रचनाको विषयान्तर 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेझैँ हुन जान्छ । रचनाको शिरदेखि पाउसम्म तारतम्य मिलाउनु अभिव्यक्तिको सीप (शैली) भनिन्छ । विषयवस्तुको आवश्यकता र संरचना (ढाँचा) अनुसार कुन विषय र प्रसङ्गलाई कसरी टिप्ने ? कसरी दौडाउने ? कसरी बिट मार्ने ? भनेर निर्भर गर्दछ ।

शुद्धता - हरेक भाषाको लेखकीय, प्रयोगकीय ढाँचा, नियम, विधि र मान्यता हुन्छन् । भाषिक अनुशासनको विधि किटान गर्ने शास्त्रलाई व्याकरण भनिन्छ । व्याकरणले जनजिब्रोको भाषालाई परिस्कृत, अनुशासित, नियन्त्रित गर्छ भने जनबोलीले व्याकरणलाई जीवन्तता दिन्छ । व्याकरण परिष्कारबिना भाषा समृद्ध बन्न सक्दैन । रचनामा छन्द र रूपको प्रयोग शुद्ध हुनुपर्छ । लिङ्ग, वचन, कारक, विभक्तिमा शुद्धता हुनुपर्छ । वर्णविन्यास र हिज्जेको सही बनोट हुनुपर्छ । विराम चिन्ह शुद्ध र उचित स्थानमा हुनुपर्छ । वाक्य गठनको क्रम मिल्नुपर्छ र एकापसमा अनेकार्थक वा बेमेलपूर्ण हुनुहुँदैन । नेपाली भाषामा लघु र दीर्घको प्रयोगसमेत उचित हुन आवश्यक छ । रचनामा तत्समभन्दा तत्भव शब्दको प्रयोग उचित मानिन्छ ।

पर्यायवाची शब्दको प्रयोग - एउटै शब्दका उही अर्थ दिने अन्य शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ । पर्यायवाची शब्दको सही प्रयोगले भाषाको हृदयसम्म पस्न र भाषामा अधिकार जमाउन सकिन्छ । अर्थ खुलस्त पार्न र इच्छानुसार शब्द उनेर रचना बनाउन पर्यायवाची शब्दको ज्ञानले सहज पार्छ । कतिपय पर्यायवाची शब्दको अर्थ सूक्ष्म अन्तर रहन्छ । त्यही अन्तरमा खेल्नु नै भाषामा अधिकार राख्नु हो । शब्दको मसिनो अर्थ बुझेर ठीक ठाउँमा प्रयोग गर्न सके रचना सुन्दर बन्दछ ।

अनुकरणात्मक शब्दको प्रयोग - कुनै वस्तु वा कुराको ध्वनि, आभास आदि बोध हुने शब्दहरू अनुकरणात्मक शब्दहरू हुन् । सजीव प्राणीको ध्वनि, निर्जीवको आवाज, क्रियावस्तु वा दृष्यवस्तुको अनुकरण (पदचाप) गरेर अनुकरणात्मक शब्द बन्दछन् । अनुकरणात्मक शब्दको प्रयोगले वाक्य चम्कन्छन् । मिठासपूर्ण हुन्छन् र ती आकाशका ताराझैँ नाच्न थाल्दछन् । बान्किला शब्दले भाषालाई रसिलो, चिल्लो, स्वादिलो र कोमल बनाइदिन्छ । जस्तै- 'झम्झम् पानी परिरहेको थियो' जेलको कालकोठरीमा उसले आफ्नी प्रियसीलाई झलझली सम्झेर मन दुखायो । यसरी अनुकरणात्मक शब्दले रचना रसिलो हुन्छ । अनुकरणात्मक शब्दका विषयमा कृष्णप्रसाद पराजुली भन्छन्, "अनुकरणात्मक शब्दले क्रियालाई नचाउँछन् र अनुप्रासयुक्त हुँदै ध्वनि सौन्दर्य पनि बढाउँछन् ।"२ अनुकरणात्मक शब्दको उचित र आवश्यक प्रयोगले रचनाको कलापक्ष समृद्ध बन्दछ ।

सुन्दर रचनाका लागि विचार, सार या अन्तर्वस्तु आत्मा हो । रचनारूपी शरीरको सौन्दर्य भाषिक सुन्दरता हो । शुद्धता भाषा र रचनाकारको स्वास्थ्य हो । विचार, कला र शुद्धतामा असन्तुलन भएमा सुन्दर रचना बन्न सक्दैन । रचनाकारले व्याकरण साधनाद्वारा वा अध्ययन गरेर जान्न सक्दछ । शिल्पशैली र विचार भने रचनाकारका मौलिक गुण र निरन्तर साधनाका उपज हुन् । मौलिक शैलीको विकास रचनाकारको कसी हो । सुन्दर साहित्य रचनाको विषयमा विद्वान्हरूले अनेक धारणा राखेका छन् । भारतीय हिन्दीभाषी लेखक प्रेमचन्द्र भन्छन्, "त्यही साहित्य निख्खर हुन सक्छ, जसमा उच्च चिन्तन होस्, स्वाधीनताको भाव होस्, सौन्दर्यको सार होस्, सिर्जनाको मुटु होस्, जीवनको प्रकाश होस्, जसले हामीलाई गतिशील सङ्घर्ष, बेचैनी पैदा गराओस्, नसुताओस्"३ प्रेमचन्दले सुन्दर रचनाका लागि विचार र कला (अन्तर्वस्तु र रूप) दुवैको पैरवी गरेका छन् । उनी गुलियो विषादी खाने पक्षमा छैनन् । त्यसैगरी, जर्ज बर्नाड शा लेख्छन्, "जो मानिस आफ्नो जीवन र समयका बारेमा लेख्छ, त्यही मानिस सबै मानिस र सबै कालका निम्ति लेख्दछ ।"४ हामी बाँचेको समय र समयका चोटहरूका पीडा र खुसीहरूको लेखन नै जीवन देख्दछन्, जर्ज बर्नाड शा । जीवन र समयदेखि बेखबर रचना सुन्दर हुनै सक्दैन । सुन्दर रचनाका सम्बन्धमा माओ त्से तुङको भनाइ छ, "राजनीतिक रूपबाट जतिसुकै प्रगतिशील भए पनि कलाका कृतिहरूमा कलात्मक गुण भएन भने तिनमा शक्ति हुँदैन । हामीले साहित्य र कलाका प्रश्नहरूमा दुबै मोर्चामा सङ्घर्ष चलाउनुपर्दछ ।"५ प्रगतिवादी सौन्दर्य चिन्तनले रचनामा कला र विचार (अन्तर्वस्तु र रूप) दुबैको उचित तालमेलको माग गर्दछ । एउटाको अभावमा अर्कोको महत्व र उपादेयता ऱ्हास हुने कुरामा माओ सचेत हुनुहुन्थ्यो । हामीलाई पोषिलो (अन्तर्वस्तु) र रसिलो (रूप पक्ष) दुबै चाहिएको छ । लेखनकलाका सम्बन्धमा अर्नेस्ट हेमिंग्वेको भनाइ छ, "वर्णन मात्र गर्नुको साटो त्यसलाई माइदै खँदिलो आधार दिनुपर्छ, जीवन दिनुपर्छ । त्यो रचिन्छ, वर्णित गरिन्न । यो यो तिम्रो सिर्जनात्मक योग्यताको सीमासम्म सत्य एवम् उन्मुक्त हुन्छ ।"६ यताउताका घोकन्ते शब्दहरूको जुलुस मात्रै रचना होइन । साधना, बौद्धिकस्तर र प्रतिभाको प्रष्फुटन रचना हो । रचनामा रचनाकारको वास्तविक क्षमता र ज्ञानका सीमाहरूको मापन हुन्छ । यसरी विचार र कलाको कसीमा खारिएर मात्र सुन्दर रचनाको जन्म हुन सक्छ ।

स्रोत : समकालीन साहित्य र संस्कृति

## कविता

### राजनीति र गिद्दहरू



■ *गम्भीरमान बोगटी 'कुशल'*

मरेको सिनो खान गिद्दहरूले जुलुस गरे भने
ढुङ्गाले जति हिर्काए पनि उठ्दैनन्
गिद्दहरू
सर्छन् केवल अलिकति यताउता
केही क्षणमै सिनोमै झुम्मिन्छन् गिद्दहरू
गिद्दहरूलाई मासुको स्वाद मिठो हुन्छ
गिद्दहरूलाई भोलिको जीवनको पर्वाह हुँदैन
सिनो लुछीलुछी खानु गिद्दहरूको वंश
परम्परा हो ।

गिद्दहरूजस्तै छन् इज्जत धरापमा परेका
नेपाली राजनीतिका शीर्ष टोपी र दौरा
सुरुवालहरू
उनीहरूलाई देखेर पनि टीठ लाग्छ
तालु खुइलेका छन् या दाह्रा फुक्लेका
इमान बेचिएका हुन् या अस्मिता लुटिएका
उनीहरू आफूलाई इमानदार ठान्छन्
राजनीतिक जीवनका गिद्दहरू ।

उनीहरूले देशलाई सिनो बनाएर लुछ्न
पाए पुग्छ
देशलाई पजेरो बनाएर हुइँकिन पाए पुग्छ
देशलाई नै लुछीलुछी खान पाए पुग्छ
गिद्दहरूले लुछिखाने देश
कति दिनसम्म बाँचिरहन्छ ?
के हामी गिद्दहरूले लुछिखाने देश बदल्न
सक्दैनौँ ?

## नेपालभित्र २५ स्थानमा ...

नेपाल भ्रमणमा आएका भारतीय प्रम प्रणव मुखर्जीले आफ्ना नेपाली समकक्षी दाहालसँग त्यही मात्र राखेका थिए। १३ वर्षअघि भारतले लगातार ताकेता गरेको र नेपालले आलटाल गर्दै आएको बुटवल पेन्सन वितरण कार्यालयको लागि देउवा सरकारले जग्गा उपलब्ध गराएको थियो। योसहित अब २५ स्थानमा भारतीय पेन्सन क्याम्प रहन गएका छन्।

भारतले पेन्सन वितरण र अन्य सेवा वितरण प्रयोजनको नाममा नेपालमा पीपीओ र डीएसबीजस्ता एकाइ बढाउँदै लगेको छ। भारतीय राजदूत अध्यक्ष रहने इण्डियन एक्स-सर्भिसम्यान वेलफेयर अर्गनाइजेसन इन नेपाल (आइईडब्ल्युओएन) ले २५ जिल्लामा सञ्जाल विस्तार गरिसकेको छ। दुईओटा पीपीओ कार्यालय छन्। नेपालस्थिति भारतीय दूतावासको 'डिफेन्स विङ' को निर्देशनमा यी कार्यालयहरू चल्छन्। भारतीय सैनिक सहचरी (कर्णेलसरहका अधिकृत) ले त्यसको नेतृत्व गर्दै आएका छन्। १ लाख २६ हजार अजकाशप्राप्त गोर्खा सैनिक र ३२ हजार नेपाली भाडाका सिपाही भारतमा कार्यरत छन्। भारतले हालसम्म कञ्चनपुर, कैलाली, बैतडी, सुर्खेत, बाँके, अर्घाखाँची, रूपन्देही, गुल्मी, पाल्पा, कास्की, चितवन, दाङ, बाग्लुङ, तनहुँ, ओखलढुंगा, भोजपुर, तेह्रथुम, ताप्लेजुङ, इलाम, दोलखा, लम्जुङ, सुनसरी, खोटाङ, म्याग्दी, स्याङ्जामा यस्ता डिएसबी कार्यालय खोलिसकेको छ। यसले गोर्खा फौज र उनका परिवारको रेखदेख र नयाँ भर्ती सहजीकरण गर्ने भनिए पनि नेपालको गुप्तचरी गर्नु, सुरक्षा रणनीति बनाउनु त्यसको मुख्य काम हो। अन्यथा गोर्खाको लागि नेपालले भन्दा बढी चासो दिनु र पेन्सन कार्यालय खोल्न पटक-पटक दबाब दिनुहो औचित्य पुष्टि हुन सक्दैन। २०६३ सालसम्म १६ ओटा डिएसबी कार्यालय रहेकोमा २०७४ सम्ममा २५ वटा पुगिसकेका छन्। त्यस्ता योजना खोल्न दिने-नदिने भन्ने सन्दर्भमा नेपाली सेनासँग राय माग्दा औपचारिकता पूरा गर्नेमै सीमित रहेको देखिन्छ। सेनाले २०५७ मा राय माग्दा 'यस्ता संस्था थप स्थानमा गर्न दिनु राष्ट्रिय हितअनुकूल नहुन पनि सक्छ' भनेको थियो। भारतीय प्रम मोदीले भारतलाई बैंकिकीकरण गर्ने घोषणा गरिरहेको बेला नेपालमा भने 'जिल्ला सैन्य संस्था' खोल्न मरिहत्ते गर्नु शंकास्पद छ। निवृत्तिभरण बैंकमार्फत सहजै गर्न सकिन्छ, भनिरहनुपर्दैन। भारतको पञ्जाबलगायतका बैंकहरू नै नेपालमा कार्यरत छन्। अरू बैंकहरू खोल्न सकिन्छ। उपर्युक्त विषयमा नीति निर्माण गर्न २०५७ असार ३० गते रक्षा, गृह र परराष्ट्र सचिवको त्रिपक्षीय बैठकले 'बैंकमार्फत नै पेन्सन वितरण गर्न सकिने अवस्थामा थप त्यस्ता कार्यालयहरू खोल्न दिनु राष्ट्रिय हित प्रतिकूल हुने' निष्कर्ष निकालिएको थियो तर राजनीतिक नेतृत्वले कर्मचारीको सुझावसमेतमा अडिन नसक्दा नेपालमा छद्मभेषमा भारतीय सेना भित्रिइरहेका छन्।

सन् १९४९ सम्म भारतीय दुतावासले नै पेन्सन वितरण गर्थ्यो सन् १९५० देखि त्यो काम सैन्य सहचरीलाई दिइयो भने सन् १९५५ देखि भारतीय सेनाले नेपालमा 'सैन्य निवृत्तिभरण शाखा' स्थापना गर्‍यो। १ अक्टोबर १९६० देखि पोखरा र सन् १९६८ देखि धरानमा स्थापना भएका पीपीओले वरपरका पेन्सन क्याम्पहरू सञ्चालन गर्छन्। धरानमा ४२ जना र पोखरामा ४२ जना भारतीय सेनाका बहालवाला कर्णेलदेखि जवालसम्म कार्यरत छन्।

भारत सरकारले 'जनधन योजना' अनुसार बैंकिङ प्रणाली जनस्तरसम्म विस्तार गर्ने रणनीति बनाएको बेला नेपालमा भने भूतपूर्व गोर्खाका लागि पछौटे प्रणालीअन्तर्गत नगदमै पेन्सन बाँड्नु थप रहस्यमय देखिन्छ। नेपालमा सैन्य उपस्थिति बढाउन र निगरानी गर्नकै लागि डीएसबी र पीपीओ विस्तार गरिरहेको छ। राजनीतिक अस्थिरता र कमजोर सरकार भएको समय २००७, २०१२ र २०६३ सालमै भारतले त्यो कामका लागि दबाब दिएको देखिन्छ।

भारतले सांस्कृतिक केन्द्र, पुस्तकालय, अस्पताल, शैक्षिक संस्था, भाषा पाठशाला, वाणिज्य दुतावास, फिल्ड कार्यालय अनेक माध्यमले प्रभाव विस्तार गरिरहेको छ। २०६० सालमा वीरगन्जमा स्थापना गरिएको महावाणिज्य दुतावासले वाणिज्य सहजीकरण होइन, क्षेत्रीय राजनीतिको निगरानी र संलग्नता गरिरहेको देखिन्छ। जसमा ५० जना कर्मचारी छन्। स्मरणीय छ, त्यही काम बेलायतले भने बैंकमार्फत् गरिरहेको छ। 'ठगीबाट जोगिन र झन्झटबाट मुक्त हुन' बैंकबाट पेन्सन बुझ्न बेलायती पेन्सन वितरण कार्यालयहरूले जोड दिएका छन्। बेलायत सरकारबाट संचालित ब्रिटिस गोर्खा वेलफेयरको सेन्ट्रल, को अर्डिनेसन समितिको अध्यक्ष नेपालका रक्षा सचिव नै हुन्छन् तर त्यही काम गर्ने भारतीय संस्थामा नेपालको प्रतिनिधित्वसमेत छैन। आईईडब्ल्युओएनको अध्यक्ष बेलायतको जसरी नै नेपाल हुनुपर्ने नेपाली अधिकारीको दावीलाई भारतले स्वीकार गरेको छैन।

भारतले नेपालको स्वतन्त्र अस्तित्व चाहन्छ कि चाहन्न ? भन्ने बहस चलिरहेको छ। २०२६ सालमा चीन-भारत युद्धको चपेटामा परेर नेपालबाट भारतीय सेना फिर्ता भयो तर त्यो घाउ-चोट पुर्न अनेक वाहनामा भारतीय सेना र गुप्तचार सञ्जाल नेपालमा विस्तार भइरहेको छ। त्यसको पछिल्लो उदाहरण हो, विराटनगरको फिल्ड अफिस। जुन कार्यालय नेपाल सरकारको आदेशलाई अवज्ञा गर्दै ८ वर्षदेखि नेपालमा बसेको छ र उल्टै कुटनीतिक कार्यालय स्तरमा बदल्न दबाब दिइरहेको छ। सरकार र राजनीतिक दलहरूले भारतपरस्त प्रवृत्तिले गर्दा भारतको फैलँदो रक्षा सञ्जाल लगामबिनाको घोडाझैं भएको छ।

## सपना बाँड्दै ...

१९ औं महाधिवेशनको नेपाली बाछिटाको छनक दिनेगरी झापा पुगेर नेता वलीले संसदीय व्यवस्था निर्विकल्प नहुने भन्दै कांग्रेसलाई थप चिढ्याउन खोजेका छन् तर दलाल पुँजीपति वर्गका प्रतिनिधि एमाले र माकेले समाजवादको नारा दिनु अर्थहीन रहेको वाम विश्लेषकहरू ठान्छन्। पुराना वामपंथी नेता सोनाम साथी भन्छन्, 'एमाले र माउवादी केन्द्रले नेपालको सबैभन्दा ठूलो पुँजीवादी पार्टी चलाउने दावी गरेका छन्।' सोनाम साथीले भनेझैं वाम गठबन्धनको यात्रा त्यहाँभन्दा पर छैन। त्यसकारण वाम गठबन्धनको समाजवाद ल्याउने नारा र त्यो नाराकै आधारमा कांग्रेसको रोइलो जनता झुक्याउने खेल मात्र भएको एकथरी विश्लेषकको टिप्पणी छ। वार्षिक सरदर ५ प्रतिशतको हाराहारीमा विकास बजेट खर्च भइरहेको यथार्थ हाम्रोसामु छँदैछ। दलहरूको कार्यशैली, कर्मचारीतन्त्र, सैन्य कानुन सबै यथावत् राखेर विकास खर्च कसरी बढ्छ ? दलहरूसँग त्यसको जवाफ छैन। दलहरूको विकासे सपना पूरा गर्न देशलाई औद्योगिकीकरण गर्न आवश्यक छ। त्यसका लागि भुइँमान्छेको क्रयशक्ति बढाउनुपर्छ। पञ्चायतीकालमा चीन, रुस, जापानलगायतले बनाइदिएका उद्योगसमेत कौडीको मोलमा बेचेर खाने राष्ट्रिय अपराधमा संलग्न कांग्रेस र एमाले पार्टीले न अघिल्ला अपराधको क्षमायाचना गरेका छन् न त समृद्धीकरणको खाका नै प्रस्तुत गर्न सकेका छन्। रोजगार श्रृजना कसरी गर्ने ? विदेश पलायन भएको युवाशक्तिलाई देशभित्र कसरी अड्याउने ? भन्ने विषयमा तार्किक कार्यक्रम पनि छैन। बरु युवा पलायन गराउने दिशामै उद्यत देखिन्छ। भएको लगानी पनि घरजग्गा, सुन, सवारी साधन र नेता तथा कर्मचारी पाल्नमै खर्च भएको देखिन्छ। अर्थ-राजनीतिक भाषामा त्यसप्रकारको अर्थतन्त्रलाई दलाल पुँजीवाद भनिन्छ। दलाल पुँजीवादी अर्थतन्त्रको विरुद्ध आत्मनिर्भर अर्थतन्त्रको विकास कसरी गर्ने ? त्यसको वाधक र सहयोगी आयामहरू के-के हुन् ? त्यसको विधि र प्रक्रिया के हो ? दलहरू त्यसमा प्रवेश नै गरेको देखिन्छन्। त्यसकारण दलहरूको चुनावी घोषणापत्र सपनाको खेती मात्र त होइन ? प्रश्न उठेको छ।

## देशव्यापी चुनाव ...

निगमको १५ बिगा १० कट्ठा जग्गा शनिबार कब्जामा लिइएको छ। निगमद्वारा खरिद गरिएको जग्गामा भ्रष्टाचार भएकोले जग्गा कब्जा गरिएको जनपरिषद्ले जनाएको छ।

# सत्ताभ्यास गर्दै नेकपा



■ **अम्बिका चन्द** / काठमाडौं

२१ कार्तिक २०७४ : सरकार बस वर्ष पहिले नै असफल भइसकेको संसदीय व्यवस्थालाई पुनस्थापित गर्न चुनावी अभियानमा लागिरहेको बेला नेकपाले पनि आफ्नो जनाधार इलाकामा समानान्तर सत्ताअभ्यास गरिरहेको छ। नेकपाले देशका विभिन्न ठाउँमा स्वायत्त प्रदेश स्तरीय जनप्रतिनिधिसभाका बैठक, जनपरिषद्हरू गठन, पुनर्गठन र प्रशिक्षणहरू सम्पन्न गरिरहेको छ।

यसैबीच तमुवान स्वायत्त जनप्रतिनिधिसभाको दोश्रो अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले किसानसिंह गुरुङ प्रमुख र लोकेन्द्र विक उपप्रमुख रहेको १५ सदस्यीय तमुवान स्वायत्त जनपरिषद् गठन गरेको छ। यस्तै अधिवेशनबाट शारदा शाह सभामुख र टेकबोहरा उपसभामुख रहेको ४५ सदस्यीय जनप्रतिनिधि सभा पनि गठन गरिएको छ। अधिवेशनले तमुवान स्वायत्त प्रदेशको नीति तथा कार्यक्रम र समसामयिक प्रस्तावसमेत पारित गरेको छ। केन्द्रीय जनपरिषद् प्रमुख सन्तोष बूढा मगरको उपस्थितिमा सम्पन्न भेला कास्कीको पोखरामा १५ र १६ गते सम्पन्न भएको हो। यसैबीच मगरात स्वायत्त प्रदेशको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। मगरात स्वायत्त प्रदेशअन्तर्गतको पाल्पामा सो प्रशिक्षण सम्पन्न भएको हो। मगरात स्वायत्त प्रदेशमा नन्दबहादुर बुढा प्रमुख रहेको स्वायत्त जनपरिषद् यसअघि नै गठन भइसकेको छ।

उता पूर्वमा पनि मिथिला स्वायत्त प्रदेश जनप्रतिनिधिसभाको बैठकबाट जनपरिषद् गठन गरिएको छ। भेलाले प्रकाशराज देवकोटा प्रमुख र वशिष्ठ मिश्र उपप्रमुख रहेको ११ सदस्यीय स्वायत्त जनपरिषद् गठन गरेको छ। भेलाले मिथिला चौहान सभामुख र ठगाराम उपसभामुख रहेको ३५ सदस्यीय जनप्रतिनिधिसभा पनि गठन गरेको छ। भेलामा केन्द्रीय जनपरिषद्का उपप्रमुख पदम राई, केन्द्रीय जनप्रतिनिधि सभाका अध्यक्ष उमा भुजेल, नेकपाका जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल, नेकपाका केन्द्रीय सल्लाहकार समिति सदस्य रामलखन महतोलगायतको उपस्थिति रहेको थियो। मिथिला प्रदेशको भेला असोज २७ र २८ गते सिरहाको लाहानमा सम्पन्न भएको थियो। यसैगरी, २० र २१ गते कर्णाली स्वायत्त जनपरिषद्को भेला सम्पन्न भएको बताइएको छ। यस्तै चितवन सिन्धुलीलगायत देशैभरिका जिल्लाहरूमा जिल्ला जनपरिषद्हरू गठन भइरहेका छन्।

संसदीय राज्यव्यवस्थालाई दलाल संसदीय व्यवस्थामा बदल्नका लागि सरकारले चुनाबको नौटंकी गरेको र यो बहुप्रतिक्षित जनताले अस्वीकृत गरिदिएको नेकपाले वताएको छ। संसदीय व्यवस्थाको विकल्पमा नै आफू समानान्तर सत्ता अभ्यासमा लागेको र यो अभियानकै रूपमा देशव्यापी रूपमा सम्पन्न हुने पनि नेकपाको भनाइ छ।

# धौलागिरिमा नेकपाको स्कुलिङ सम्पन्न

■ **रातोखबर संवाददाता**

नेकपाको केन्द्रीय स्कुलिङ विभागले धौलागिरिमा ब्युरोस्तरीय स्कुलिङ कार्यक्रम सम्पन्न गरेको छ। यही १७ गते सुरु भएको स्कुलिङ २१ गते सम्पन्न भएको हो। विभागले देशव्यापी रुपमा संचालन गरेको केन्द्रीय कार्यक्रमअनुसार धौलागिरि ब्युरोमा ५ दिने स्कुलिङ चलाइएको नेकपा, धौलागिरि इन्चार्ज विप्लवले जनाएका छन्। स्कुलिङमा दर्शनशास्त्रको बारेमा विभागका सदस्य तथा पार्टीका पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' ले पढाएका थिए भने वैज्ञानिक समाजवाद र विज्ञान प्रविधिको विषयमा अर्का पोलिटब्युरो सदस्य कृष्ण धमला 'गम्भीर' ले पढाएका थिए। यस्तै राजनैतिक अर्थशास्त्रको विषयमा पार्टीका केन्द्रीय सदस्य भेषराज भुसाल र नेपाली कम्युनिष्ट आन्दोलनको विषयमा केन्द्रीय स्कुलिङ विभागका सदस्य शेरकुमार खड्का 'गति' ले पढाएका थिए। धौलागिरि ब्युरोका विभिन्न जिल्लाहरूबाट गरी २५ जना विद्यार्थीहरू सहभागी भएका थिए।

# संगठन विस्तार गर्दै नेकपा

वीरगन्ज : पर्सा जिल्लामा नेपाल कम्युनिस्ट पार्टीको साङ्गठनिक गतिविधि तीब्र भएको छ। गत शनिबार बहुदरामाई नगरपालिकामा सम्पन्न पार्टीको भेलाले निराजनको नेतृत्वमा एक्काईस सदस्यीय बहुदरामाई नगर समिति गठन भएको छ। सोही दिन पटेर्वा सुगौली गाउँपालिकामा ९ सदस्यीय पटेर्वा गाउँ समिति गठन गरिएको छ। त्यसै दिन पटेर्वा सुगौली गापा ४, लोहाघाट, नौकाटोला वडा समिति गठन भएको छ। २५ सदस्यीय सो समितिको सेक्रेटरी धमिनीदेवी माझी रहनु भएको छ। पार्टी गठन र प्रशिक्षणमा पर्सा जिल्ला इन्चार्ज आर्जन, सेक्रेटरी विज्ञान, जनसांस्कृतिक महासंघका केन्द्रिय सदस्य तथा जिल्ला सदस्य पारस ठाकुर, भोजपुरा जनपरिषद्का प्रमुख विगा चौरसिया, पर्सा जिल्ला जनपरिषद्का प्रमुख बुच्चि यादव, बहुदरामाई नगरपालिकाका ईन्चार्ज गोपी, पटेर्वा सुगौली गाउँपालिका ईन्चार्ज विशाल लगायतको उपस्थिति रहेको थियो। यस अघि वीरगन्जमा पारसको नेतृत्वमा १९ सदस्यीय वीरगन्ज महानगर समिति गठन भएको छ। पटेर्वा सुगौली गाउँपालिका अन्तर्गतको देउकुलीमा आयोजित 'स्थानीय विकास निर्माणका समस्या, प्रतिनिधिसभा, प्रदेशसभा चुनाव खारेजीको अभियान तथा प्रतिरोधात्मक विषय अन्तरक्रियात्मक कार्यक्रममा स्थानीय जनताको प्रश्नको जवाफ पर्सा जिल्ला इन्चार्ज आर्जन र भोजपुरा जनपरिषद्का प्रमुख विगा चौरसियाले दिनुभएको थियो। वीरगन्ज महानगरपालिकामा ५ सदस्यीय जनसत्ता पनि निर्माण भएको छ।


आरामदायी यात्राको लागि




**सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।**

सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९


नेपाल सरकार
भौतिक पूर्वधार तथा यातायात मन्त्रालय

**यातायात व्यवस्था कार्यालय, जनकपुरको सूचना**

१. दर्घटना न्यूनीकरण, सवारी साधनको प्रभावकारी सञ्चालन तथा बढी भारवहनको कारणले सडक बिग्रन नदिने उद्देश्यले नेपाल सरकारले मा( लवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी कार्यविधी २०७१ कार्यान्वयनमा ल्याएको छ। अतः उक्त उद्देश्यलाई प्रभावकारी बनाउन सवारी दर्ता किताबमा उल्लेख भएको GVW (कुल भार) भन्दा बढी हुने गरी माल सामान ढुवानी नगर्ने र नगराउने व्यवस्था गर्नु/गराउनु हुन।
२. सवारी दर्ता किताबमा GVW उल्लेख नभएका सवारी साधनका धनीहरुले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा गई GVW खुलाउने व्यवस्था गर्नु हुन। साथै टिपरको हकमा विभागबाट कायम भएको आयतन अनुसार ढाला मिलाई दर्ता किताबमा खुलाउनु हुन।
३. Loading Point का धर्मकाँटाहरुले Load भए पश्चात अनिवार्य रुपमा Wight जाँच गर्ने र सो गरे पश्चात Load Sheet अनिवार्य रुपले दिने व्यवस्था गर्ने। सवारी साधनले Computer बाट Print भएको Load Sheet लिएर हिड्ने व्यवस्था गर्ने र Computer Print बाहेक हातले लेखेको Load Sheet लाई मान्यता नदिने निर्माण सामाग्री बोकेर हिँड्ने Tipper हरुले ६ चक्केको हकमा ७.५ घनमिटर तथा १० चक्के टिपरको हकमा १२ घनमिटरको ढालाको मापदण्ड कायम भएकोले ढालाको आयतन कायम भएका सवारीको Load Sheet लिएर हिँड्न नपर्ने व्यवस्था गर्नु हुन।
४. मालवाहक सवारी साधनले तोकिएको आयतन तथा GVW भन्दा बढी सामान बोकेको देखिएमा यातायात व्यवस्था ऐन, २०४९ अनुसार जरिवाना गरी त्यस्तो बढी भएको सामान झार्न लगाइने र सो झारेको सामानको जिम्मेवारी सम्बन्धित सवारी धनीले लिनुपर्ने।

नियमित

# समकालीन पत्रकारिताको आयाम



– सुदर्शनराज पाण्डे

विश्वमा पत्रकार र पत्रकारिताको आयाम व्यापक बन्दै गएको छ। एक्काईसौँ शताब्दी सूचना प्रविधि, सूचना क्रान्तिको शताब्दी हो। आजको युगमा सूचनालाई शक्ति, सम्पत्ति, सामर्थ्य, ज्ञान तथा पहिचानको विषय मानिन्छ। सूचनाको हकलाई मानवअधिकारको प्राथमिक स्रोत तथा अन्य सबै अधिकारको पनि अधिकार मानिन्छ। सूचना र चेतनाको अभावमा लोकतान्त्रिक, गणतान्त्रिक प्रणालीमाथि नै जनताको अविश्वास रहन जान्छ। देशमा सुशासन, विधिको शासन, असल शासन, जनपक्षीय शासनको कुरा गर्ने हो भने, देशको शासन व्यवस्था जनविश्वासिलो र दिगो बनाएर लैजाने हो भने सूचनाको प्रवाह गर्ने, समाचार सम्प्रेषण गर्ने सञ्चारकर्मी र सञ्चारमाध्यमको भूमिकालाई सर्वोपरि हुन दिनुपर्दछ। सञ्चारको दुरूपयोग गर्नु अपराध हो। पत्रकार हुन जति सजिलो छ, स्थापित असल क्रान्तिकारी देशभक्त पत्रकार बन्न निकै कठीन छ। प्रगतिशीलता, नैतिकता, सकारात्मक दृष्टिकोणलाई निरन्तरता दिएर कलम संघर्ष गर्ने व्यक्ति मात्र पत्रकरिता क्षेत्रमा टिक्न र सम्मानित हुन सक्दछ। नेपालमा पत्रकारको संख्या वृद्धि भएपनि पत्रकरितामा गुणस्तरीयताको अभाव रहेको यत्रतत्र सर्वत्र चिन्ता र चासो छ। गुणस्तरहीन पत्रकारको कलमले देशको हरेक क्षेत्रमा कूप्रभाव पार्दछ। पत्रकारिता पेसालाई ध्येयमूलक जीवनपद्धति बनाउने पत्रकार र पत्रकारिताको खाँचो छ।

सञ्चारकर्मीको साथमा लेख्ने कलम र टिपोट गर्ने डायरी हरबखत हुनुपर्दछ। हिजोआज क्यामेरा र ल्यापटप पनि अनिवार्य देखिन्छ। सन्दर्भ सामग्री पढ्ने र संकलन गर्ने, फिल्ड, न्यूज बिटमा पुगेर सत्य, तथ्य समाचार संकलन गर्ने, समाचारको स्रोतको पहिचान र समाचारलाई प्राथमिकता, स्रोतको रक्षा गर्ने क्षमता पत्रकारमा हुनुपर्दछ। पत्रकारिता कला र सीप हो। पत्रकार आचारसंहिता (स्वअनुशासन) को पूर्ण पालना र वास्तविक, यथार्थ समाचार लुकाउन र नाजायज फाइदाका लागि सम्झौता गर्नुहुँदैन। पत्रकार निडर र निर्भिक हुनुपर्दछ। विभिन्न चुनौती र जोखिम झेल्ने र मोल्ने हुनुपर्दछ। सत्य समाचार सामग्री नै पत्रकारको शक्ति र सम्पत्ति हो। अत्य कुराबाट पत्रकार सधैँ डराउनुपर्दछ। प्रोपगण्डा पत्रकारिता होइन। पीत पत्रकारिता गर्नुहुँदैन। सन्देश र जनताको सर्वोत्तम र सर्वोपरी हितका लागि विपक्षीको भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवारी बोकेको पत्रकारले निष्पक्षता र न्यायको सहारा लिनुपर्दछ। समाचार सन्तुलनको महत्वलाई गहिरोसँग बुझ्न सक्नुपर्दछ। पत्रकारिताको महत्व, प्रभावकारिता र औचित्यमाथि सधैँ चनाखो रहेर ध्येयमूलक पत्रकारिता गर्ने पत्रकारलाई जीविकोपार्जनको समस्याले त्यति पिरोल्दैन। सामाजिक जिम्मेवारी र राष्ट्रिय उत्तरदायित्व बोकेको पत्रकारले देश र जनतालाई ठगेर, लुटेर, नीतिगत र व्यक्तिगत भ्रष्टाचार गरेर खाने व्यक्ति, तत्व र शक्तिलाई साझा दुश्मन नै सम्झेर कलमद्वारा भण्डाफोर गर्नुपर्दछ। यही पत्रकारिता धर्म हो। समाजका गुण्डा, बदमास, बेइमान, दलाल र राष्ट्रघातीहरूका विरुद्ध कलम संघर्ष गर्ने व्यक्ति नै असल क्रान्तिकारी पत्रकार बन्न सक्दछ। स्वच्छ र मर्यादित पत्रकारिता गर्ने पत्रकार देश र जनताको मुक्ति संघर्ष र परिवर्तनको संवाहक शक्ति नै हो। देश साधन होइन, साध्य हो। सार्वभौम जनता निर्णायक शक्ति हुन्। देश र जनताको रक्षा गर्ने सवालमा राज्यको चौथो अंग पत्रकारिताको अग्रणी भूमिका हुन्छ। राज्यको तीनवटै अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा वेथिति, विसंगति, विकृति, अनैतिकता, अनियमितता हुन नदिन पत्रकारले 'वाच डग' सरहको भूमिका निर्वाह गर्न सक्नुपर्दछ। पत्रकार अवसरवादी, सम्झौतावादी, प्रशंसावादी, आत्मसमर्पणवादी भयो भने पत्रकारिता पेशाको मर्यादा गौण बन्न पुग्दछ। पत्रकारले आलोचनालाई तीव्र पार्दा आफू आलोचित बन्नुहुँदैन। प्रेस र अभिव्यक्तिको स्वतन्त्रता र विधिको शासन, जनपक्षीय सरकारको पक्षमा अडिग रहने पत्रकारले मात्र पेशागत योगदानलाई अक्षुण्ण राख्न सक्दछ।

मैल्कम एक्सले भनेका छन्, 'मिडिया संसारमा सबैभन्दा शक्तिशाली निकाय हो किनकि निर्दोषलाई दोषी बनाउन र दोषीलाई निर्दोष बनाउने शक्ति उसँग हुन्छ। आम जनताको मन नियन्त्रित गर्ने शक्ति उसमा छ। यसको अर्थ सिधै यो होइन कि मिडियाले जे चाह्यो त्यही हुन्छ। यसको गहन अर्थ हो पारदर्शी, निष्पक्ष, तटस्थता, निर्वैयक्तिक, सक्षम र उत्तरदायी निकाय हो। सार्वजनिक सञ्चार माध्यम/सञ्चार माध्यमका आफ्नै नैतिक मूल्य र मान्यता छ। प्रेस स्वतन्त्रता, स्वच्छन्दता होइन, पीत-पत्रकारिताबाट टाढा रहनुपर्दछ। सञ्चार माध्यमको दुरुपयोग अपराध हो। काम हुँदा गल्ती हुन सक्दछ तर बारम्बार गल्ती दोहोऱ्याउनु र नियतवश नै गल्ती गर्नुचाहिँ अपराध नै हो भन्ने कुराको महत्व सञ्चारकर्मीले बुझ्नुपर्दछ। आजको साइवर दुनियाँमा सूचनाको कारण विश्व नै सानो गाउँमा परिणत हुन गएको छ। इन्टरनेटले मानिसको बानी र व्यहोरालाई पनि परिवर्तन गरेको छ। उपभोग सामग्रीको किनबेचदेखि असीमित मुद्राको कारोबार पनि इन्टरनेटबाटै हुन थालेको छ। इन्टरनेटले मानिसलाई भौगोलिक सीमा पनि बिर्साइदिएको छ। देशका पत्रपत्रिकाको एउटै समाचारमा फरक-फरक तथ्याङ्क आउनु पत्रकारिता होइन। आग्रह, पूर्वाग्रहबाट माथि उठेको यथार्थको धरातल टकेको, सत्य र तथ्यमा आधारित कुरा मात्र सम्प्रेषण गर्ने पत्रकार मात्र एउटा नैतिक रूपमा सचेत सच्चा पत्रकार हो।

देशभक्त क्रान्तिकारी प्रगतिशील, जनपक्षीय पत्रकार बन्ने रहर बोकेका सबै सञ्चारकर्मीहरूले 'आम सञ्चार माध्यम प्रचार र संघर्षको मात्र साधन होइन, संगठन गर्ने माध्यम पनि हो'– भी.आई.लेनिन। 'सूचना र सञ्चार क्षेत्र क्रान्तिको अग्रिम चौकी हो'– माओको कोटेसनलाई मार्गनिर्देशक सिद्धान्त बनाएर देश, काल, परिस्थिति बुझेर ठोस परिस्थितिमा ठोस विश्लेषणसहितको समाचार सम्प्रेषण गर्न सक्नुपर्दछ। पत्रकारले जस्तो अवस्था, जस्तो व्यवस्था देख्दछ, बुझ्दछ, त्यस्तै समाचार सम्प्रेषण गर्नुपर्दछ। सञ्चार माध्यममा संलग्न सञ्चारकर्मीहरू सत्ताको दलाल, जनक्रान्तिको विपक्षमा उभिए भने देश र जनतामाथि घात, प्रतिघात हुन जानेछ, जुन परिस्थिति अहिले कायम छ। पत्रकारिता क्षेत्र शासन सत्ताको रचनात्मक प्रतिपक्ष, आलोचनात्मक समर्थन हुन सक्दछ तर जनक्रान्ति र जनविद्रोहको विपक्षमा उभिएर प्रतिगामी र प्रतिक्रियावादी बन्न सक्दैन। जनक्रान्ति रहरले होइन, बाध्यताबाट उत्पन्न हुन्छ। सत्ताको ज्यादति र राष्ट्रघाती, जनघाती कदम विरुद्ध उठ्नु नै सञ्चार माध्यम र सञ्चारकर्मीको नैतिक मूल्य र मान्यता हो। सार्वजनिक नीतिमा योगदान, सार्वजनिक सरोकारमा रखवारीको भूमिका र सार्वजनिक संयन्त्रले गर्ने अनियमितता, भ्रष्टाचार, ढिलासुस्तीको खबरदारी गर्ने व्यवसायिक नैतिकतामा पत्रकारहरू दृढ रहनुपर्दछ। राष्ट्र र नागरिकबीच सेतुको काम गर्ने माध्यम हो सञ्चार माध्यम। सञ्चार माध्यम शक्तिशाली र प्रभावशाली त्यतिखेर हुन्छ, जतिखेर देशमा विद्यमान सबैखाले समस्याको समाधानका लागि जारी एकीकृत जनक्रान्तिलाई सञ्चार माध्यमले खुला र आलोचनात्मक समर्थन र आवश्यक सहयोग गर्दछ।

# अक्टोवर क्रान्ति शतवार्षिकी उत्सव यात्रा

■ रातो खबर संवाददाता




काठमाडौं/अक्टोबर क्रान्तिको सय वर्ष पुगेको अवसरमा मंगलबार काठमाडौंमा 'अक्टोवर क्रान्ति शतवार्षिकी उत्सव यात्रा' आयोजना भएको छ। १९१७ नोभम्वर ७ मा सोभियत संघमा लेनिनको नेतृत्वमा मजदुर, श्रमिक, उत्पीडित जनताले वुर्जुवा सत्ताविरुद्ध संघर्ष गरेर जनवादीसत्ता स्थापना गरेको सम्मान र सम्झनामा विश्वभर विविध कार्यक्रम आयोजना सन्दर्भमा नेपालमा पनि विविध कार्यक्रमको आयोजना भइरहको छ। सोही सन्दर्भमा अक्टोवर क्रान्ति शतवार्षिकी नागरिक समितिको आयोजनामा भृकुटीमण्डपबाट शान्तिवाटिकासम्म उत्सव यात्रा आयोजना गरिएको हो।

शान्तिवाटिकामा सम्पन्न उत्सव सभालाई सम्बोधन गर्दै आयोजक समितिका संयोजक स्वनाम साथीले गरिखाने जनताको स्वराजको लडाइ सुस्ताएपनि जारी नै रहेको र शोषक, सामन्तविरुद्ध संघर्षको विकल्प नरहेको बताउनुभएको छ। शोषणरहित समाज र शासनरहित राज्यव्यवस्थाको लागि अक्टोवर क्रान्ति मार्गदर्शक क्रान्ति परिघटना भएको भन्दै स्वनामले ' हामीले यहाँ पनि श्रमजिवी-उत्पीडितहरुको हातमा सत्ता ल्याउन साम्राज्यवाद, पूँजीवादविरुद्ध लड्नै पर्ने अवस्था रहेको' बताउनुभएको छ।

सभामा विभिन्न वाम पार्टीमा आवद्ध तथा स्वतन्त्र लेखक वुद्धिजिवी, सञ्चारकर्मी, नेता-कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

नेपाल सरकार
उद्योग मन्त्रालय

**नेपाल गुणस्तर तथा नापतौल विभाग**

राष्ट्रिय ओजन ईकाइ

**HCFC मा आधारीत रेफ्रिजिरेसन तथा एयरकन्डिसन**
**आयत एवं विक्रिवितरण प्रतिबन्ध सम्बन्धमा**

नेपाल सरकार वातावरण संरक्षण ऐन, २०५३ को अधिकार प्रयोग गरी *हाइड्रोफ्लोरोक्लोरोकार्वन (HCFC) रेफ्रिजिरेन्ट ग्यासमा आधारीत रेफ्रिजिरेटर, एयर कन्डीसन, चिलर, डिपफ्रिज, कुलीङ्ग मेसिन, हिटपम्प, कोल्डस्टोरेज, चिलरप्लान्टको* पैठारी, विक्रीवितरण मिती २०७३/९/१७ तद अनुसार जनवरी १,२०१७ देखि प्रतिबन्ध रहेकोले सबै आयतकर्ता, विक्रेता एवं सर्वसाधारणलाई उपरोक्त अनुसारको HCFC मा आधारित उपकरणहरु आयत, विक्रीवितरण एवं खरिद नगर्नु हुन सबैमा जानकारी एवं अनुरोध गरिन्छ।

साथै मिति २०७३/९/१७ अगावै पैठारी भई प्रयोगमा रहेको हायड्रोफ्लोरोक्लोरोकार्वन (HCFC) मा आधारित उपकरणहरुमा प्रयोग हुने *HCFC रेफ्रिजिरेन्ट ग्यासको विस्थापन* दर देहाय अनुसार रहेको सबैमा जानकारी एवं अनुरोध गरिन्छ।

| S.N. | Targeted Time Period | Schedule | Chlorodifluoro methane, (HCFC– 22) Annex – C, Broup I, Ozone Depleting Potential (ODP) = 0.055 Nepal HCFC Phase out Target |
|---|---|---|---|
| 1 | 2011–2014 | Freeze at Baseline | 23.04 Metric Tonnes (MT) |
| 2 | 2015 | 10% Reduction | 20.736 MT |
| 3 | 2017 | 20% Reduction | 18.43 MT |
| 4 | 2020 | 50% Reduction | 11.52 MT |
| 5 | 2022 | 60% Reduction | 9.26 MT |
| 6 | 2025 | 97.5% Reduction | 0.576 MT except 2.5% for servicing use until 2030 |
| 7 | 2030 | 100% Reduction | |




निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ